# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७ | काठमाडौं | बिहीबार, १७ वैशाख २०८३ | Prabhab National Daily | Thursday, 30 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


# विवादमा नेपाली सेना, किन माग्यो सुकुमबासीको लगत ?



त्यस्तो विवरण संकलन गर्ने अन्य निकायहरु छन् । त्यो नेपाली सेनाको क्षेत्राधिकार हो कि होइन हेर्नुपर्ने हुन्छ ।

**देवेन्द्रप्रसाद सिटौला**
रक्षा मामिलाका जानकार



विशुद्ध विपद् व्यवस्थापन र सम्भावित जोखिम पहिचानका लागि तथ्यांक संकलन गरिएको हो ।

**राजाराम बस्नेत**
प्रवक्ता, नेपाली सेना

**जेबी योञ्जन**

**काठमाडौं–** सुकुमबासीहरूको लगत संकलनका लागि देशका विभिन्न स्थानीय तहलाई पत्राचार गरेपछि नेपाली सेना विवादमा तानिएको छ । विपद् व्यवस्थापनको नाममा गरिएको उक्त गतिविधिले सेनाको भूमिका, अधिकार क्षेत्र र सरकारसँगको सम्बन्धबारे अनेक प्रश्नहरू उब्जाएको छ ।

रक्षा मामिलाका जानकार देवेन्द्रप्रसाद सिटौलाका अनुसार अनुसार सेनाले सुकुमबासीको विवरण स्थानीय सरकारसँग माग्नु उपयुक्त होइन । 'त्यस्तो विवरण संकलन गर्ने अन्य निकायहरू छन् । त्यो नेपाली सेनाको क्षेत्राधिकार हो कि होइन हेर्नुपर्ने हुन्छ,' उनले प्रभावसँग भने ।

हालै सेनाका विभिन्न गणहरूले सुकुमबासी बस्तीहरूको विवरण उपलब्ध गराइदिन स्थानीय तहहरूलाई आग्रह गरेका थिए । यसपछि सामाजिक सञ्जाल र सार्वजनिकवृत्तमा दुईखाले धारणा देखिए । एकथरीले सेनाको गतिविधि शंकास्पद रहेको भन्दै अझै आलोचना गरिरहेका छन् । उनीहरूले सेनाले आफ्नो पारम्परिक भूमिकाभन्दा बाहिर गएर नागरिक मामिलामा अनावश्यक चासो देखाउन थालेको भन्दै गम्भीर चिन्ता प्रकट गरेका छन् । सेनाको नागरिकमाथि निगरानी वा नियन्त्रणको प्रयासका रूपमा पनि उनीहरूले टिप्पणी गरेका छन् ।

यो विवाद बढ्दै जाँदा नेपाली सेनाले स्पष्टीकरण दिँदै आफ्नो कदमलाई पूर्णरूपमा वैधानिक र आवश्यक भएको दाबी गरेको छ । नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले भनेका छन्, 'विशुद्ध विपद् व्यवस्थापन र सम्भावित जोखिम पहिचानका लागि तथ्यांक संकलन गरिएको हो ।'

उनका अनुसार सम्भावित बाढी, पहिरो वा अन्य विपद्का समयमा सुकुमबासी बस्तीहरू बढी जोखिममा हुने भएकाले पूर्वतयारीस्वरूप तथ्यांक अद्यावधिक गर्न लागिएको हो । उनले संविधानले किटान गरेको दायरामा सेना रहेको स्पष्ट पार्दै भने, 'हामी संविधानले दिएको जिम्मेवारीभन्दा बाहिरका कार्य गरेका छैनौं । धारा २६७ अनुसार विपद् व्यवस्थापनलगायतका कार्यमा सेना खटिन सक्छ ।'

उनले कतिपय विषयलाई गलत ढंगले व्याख्या गरेको भन्दै अनावश्यक विवाद नबढाउन आग्रह गरे । तर, सुकुमबासीको विवरण संकलन गर्ने काम स्थानीय तह वा गृह मन्त्रालयअन्तर्गतका निकायको हो । यद्यपि, यस काममा सेनाको प्रत्यक्ष संलग्नता देखिँदा सेना विवादित बन्यो ।

रक्षा मामिलाका जानकार तथा सशस्त्र प्रहरी बलका पूर्वएआइजी नारायणबाबु थापा सेनाले सुकुमबासीको तथ्यांक मागेको विषयलाई अतिरञ्जित गर्न नहुने बताउँछन् । उनले सेनासँग ठूलो जनशक्ति भएको र सरकारले कतै सुकुमबासीको दीर्घकालीन व्यवस्थापनका लागि घर बनाउने निर्णय गरे सेना खटिन सक्ने र त्यसका लागि सुकुमबासीको विवरण मागेको हुन सक्ने बताए ।

'केही वर्ष पहिले एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा हावाहुरीले बारामा ठूलो क्षति पुऱ्यायो । सेनाले त्यहाँ धेरै घर पुनर्निर्माण गऱ्यो,' उनले भने, 'अहिले पनि सुकुमबासीलाई हटाइरहेको र उनीहरूका लागि घर बनाउन सरकारले जिम्मेवारी दिए त्यसका लागि तयारी अवस्थामा रहन लगत संकलन गर्न लागेको हुनुपर्छ ।'

क्रमशः पृष्ठ २ मा

# अध्यादेशमा आक्रामक सरकार विपक्षी जुट्यो विरोधमा

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले एकैसाथ पाँचवटा अध्यादेश सिफारिस गरेको खुलेको छ । सोमबारको मन्त्रिपरिषद् बैठकमा भएको निर्णयअनुसार प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले पहिलोपटकमा दुईवटा र दोस्रोपटकमा तीनवटा गरी पाँचवटा अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गरेको हो ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यका अनुसार बुधबार शीतलनिवासमा पाँचवटा अध्यादेश आइपुगेको पुष्टि गरे । 'राष्ट्रपति कार्यालयमा पाँचवटा अध्यादेश आइपुगेका छन् । सबै अध्यादेश कानुनी शाखामा आइपुगेको जानकारी हामीले पाएका छौं,' प्रवक्ता शाक्यले भने ।

सरकारले वैशाख १४ गते संवैधानिक परिषद्, सहकारी तथा वैशाख १५ गते स्वास्थ्य विज्ञान प्रतिष्ठान, केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश र विश्वविद्यालयसम्बन्धी अध्यादेश ल्याएर जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको हो ।



## अध्यादेश शासनतर्फ लम्कियो सरकार

प्रधानमन्त्री शाहको सचिवालयले सार्वजनिक निकायमा हुने नियुक्तिलाई पारदर्शी र प्रतिस्पर्धी बनाउन, दलीय राजनीतीकरण अन्त्य गर्न, सार्वजनिक निर्माणलाई तीव्रता दिने, सहकारीका साना बचतकर्ताको रकम फिर्ता गर्ने तथा भूमि, मालपोत र नापीलगायतका सेवा प्रभावकारी बनाउने उद्देश्यसहित विभिन्न अध्यादेशहरू राष्ट्रपतिसमक्ष सिफारिस गरेको जनाएको छ ।

संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिसका लागि बस्ने बैठकसम्बन्धी कार्यविधिलाई व्यवस्थित गर्ने उद्देश्यका साथ संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधनका लागि अध्यादेश जारी गर्न सिफारिस गरिएको छ । संवैधानिक निकायका पदाधिकारी नियुक्तिका लागि संवैधानिक परिषद्मा बहुमत आवश्यक हुन्छ । अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट प्रधानमन्त्री शाह र सभामुख डोलप्रसाद अर्यालमात्र परिषद् छन् । कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपसभामुख रुबिकुमारी ठाकुर र प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बे पनि परिषद्का सदस्य हुन् । सरकारले आफूनिकटका पदाधिकारी नियुक्त गर्न तीन जनाको उपस्थितिमा बैठक बसेर निर्णय गर्न मिल्नेगरी अध्यादेश अघि बढाएको छ ।

त्यसैगरी सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको प्रधानमन्त्रीकी प्रेस सल्लाहकार दीपा दाहालले बताइन् ।

क्रमशः पृष्ठ २ मा



संवैधानिक निकायहरूलाई खाली राख्न सक्दैनौं र कानुनी रिक्ततालाई हामीले कहिलेसम्म कायम गरिरहने ? त्यो रिक्तता पूर्ण गर्नको निमित्त संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याइएको हो, कुनै दल फुटाउन होइन ।

**रवि लामिछाने**
सभापति, रास्वपा




आफ्नै बहुमत भएको संसद्प्रति सरकारको विश्वास छैन । त्यसकारण संसद् छलेर अध्यादेश ल्याउँदै छ भन्ने प्रस्टरूपमा हामीले उठाएको हो । सरकारले संसद्लाई हेपेको छ । नागरिकलाई पनि हेपेको छ ।

**गगन थापा**
सभापति, नेपाली कांग्रेस

## अध्यादेश रोक्न विपक्षी दलको माग

सरकारले संसद् स्थगित गरेर अध्यादेश ल्याएसँगै विपक्षी दलहरूले एक भएर विरोध जनाएका छन् । बुधबार प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेको अगुवाइमा अध्यादेशबारे एकमत बनाउन सिंहदरबारमा बैठक बसेको थियो । उक्त बैठकले सरकारले अध्यादेशको बाटो रोज्नु असंसदीय र अलोकतान्त्रिक कदम भएको उल्लेख गर्दै तत्काल फिर्ता लिन आग्रह गरेको छ ।

यसैगरी उक्त बैठकले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अध्यादेश स्वीकृत नगर्न अनुरोधसमेत गरेको छ । 'सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस भई गएका अध्यादेशहरू संसद् छल्ने उद्देश्यका साथ सिफारिस भई आएका हुनाले स्वीकृत नगर्न सम्माननीय राष्ट्रपतिसमक्ष हार्दिक अनुरोध गर्दछौं,' विपक्षी दलहरूको संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ ।



संयुक्त प्रेस विज्ञप्ति

आज मिति २०८३ साल वैशाख १६ गते नेपाली कांग्रेस संसदीय दलका नेता माननीय श्री भीष्मराज आङदेम्बेको अध्यक्षतामा नेकपा (एमाले) संसदीय दलका नेता माननीय श्री रामबहादुर थापा 'बादल', नेपाली कम्युनिष्ट पार्टी संसदीय दलका प्रमुख सचेतक माननीय श्री युवराज दुलाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधि माननीय श्री सरस्वती लामा समेत विपक्षी दलहरुको संयुक्त बैठक बसी निम्न बमोजिमका निर्णयहरु भए ।

निर्णयहरु :

१. नेपाल सरकारले यही वैशाख १४ गते संवैधानिक परिषदको काम कर्तव्य र अधिकार सम्बन्धी ऐन, २०६६ र सहकारी ऐन, २०७४ लाई संशोधन गर्ने दुई वटा अध्यादेशहरु तथा वैशाख १५ गते स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धि अध्यादेश, केही नेपाल कानुन संशोधन गर्न बनेको अध्यादेश र विश्वविद्यालय सम्बन्धि अध्यादेश जारी गर्ने निर्णय गरी सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गरेको छ । संसदको अधिवेशन आह्वान गरे लगत्तै स्थगन गरी यसरी अध्यादेश ल्याउनु घोर असंसदीय र अलोकतान्त्रिक कदम भएकोले हामी घोर विरोध, भर्त्सना र निन्दा गर्दछौं ।
२. उपरोक्त अध्यादेशहरु अविलम्ब फिर्ता गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।
३. सम्माननीय राष्ट्रपति समक्ष सिफारिस भई गएका अध्यादेशहरु संसद छल्ने उद्देश्यका साथ सिफारिस भई आएका हुनाले स्विकृत नगर्न सम्माननीय राष्ट्रपति समक्ष हार्दिक अनुरोध गर्दछौं ।
४. स्थगन गरिएको संघीय संसदको अधिवेशन अविलम्ब आह्वान गर्न जोडदार माग गर्दछौं ।

१. भीष्मराज आङदेम्बे, नेता- नेपाली कांग्रेस संसदीय दल
२. रामबहादुर थापा 'बादल', नेता- नेकपा (एमाले) संसदीय दल
३. युवराज दुलाल, प्रमुख सचेतक - नेपाली कम्युनिष्ट पार्टी संसदीय दल
४. सरस्वती लामा, प्रतिनिधि- राष्ट्रिय प्रजातन्त्र पार्टी

बैठकमा कांग्रेस संसदीय दलका नेता आङ्देम्बे, एमाले संसदीय दलका नेता रामबहादुर थापा, नेपाली कम्युनिस्ट पार्टीका संसदीय दलका प्रमुख सचेतक युवराज दुलाल, राष्ट्रिय प्रजातन्त्र पार्टीकाबाट सरस्वती लामा उपस्थित थिए ।

**सन्दर्भः वैदेशिक रोजगार**

संघको विवाद समाधानमा भएन प्रगति

# राजीनामा स्वीकृत नगर्ने अडानमा अध्यक्ष गुरुङ, जिल्ला प्रशासनको निर्णय कुर्दै असन्तुष्ट पक्ष

**ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विवाद सुल्झिनेमा अनिश्चितता देखिएको छ । अध्यक्ष भुवनसिंह गुरुङ र राजीनामा दिएको पक्ष आ-आफ्नै अडानमा रहँदा विवाद लम्बिने देखिएको हो । बुधबारसम्म दुईपक्षबीच संवादसमेत हुन सकेन ।

अध्यक्ष गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै प्रथम उपाध्यक्ष, महासचिवसहित कार्यसमितिका ११ जनाले सामूहिक राजीनामा दिएका थिए । बहुमत पदाधिकारीसहित ११ जनाको राजीनामासँगै अध्यक्ष गुरुङ अल्पमतमा परेको दाबी गर्दै नयाँ कार्यसमिति चयनको प्रक्रियामा जानुपर्ने उनीहरूले माग गरेका छन् । तर, अध्यक्ष गुरुङ त्यसलाई स्वीकार गर्न तयार छैनन् । उनले राजीनामा आफ्नो हातमा नआएको भन्दै स्वीकृत नहुने बताइरहेका छन् । संघको विधानअनुसार राजीनामा स्वीकृत हुन प्रक्रिया नपुग्ने उनको भनाइ छ ।

यता, गत सोमबार पत्रकार सम्मेलन गरेर सामूहिक राजीनामा





बुझाएकाहरू राजीनामा फिर्ता लिएर 'ब्याक' हुने स्थितिमा देखिँदैनन् । राजीनामा दिनेमध्येका एक पदाधिकारीले आफूहरूले राजीनामाको जानकारी जिल्ला प्रशासन कार्यालयलाई गराइसकिएकोले अब प्रशासनले नै विवाद टुंग्याउने बताए । 'हामी जिल्ला प्रशासनको निर्णय पर्खिरहेका छौं,' उनले भने, 'यही स्थितिमा भुवनसिंह गुरुङको कार्यसमितिमा फर्कंदैनौं ।'

राजीनामा दिएका पदाधिकारीहरूमा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, तृतीय उपाध्यक्ष बैकुण्ठप्रसाद पौडेल, महासचिव महेशकुमार बस्नेत, सचिव कुन्छादोर्जे डिम्दोङ र कोषाध्यक्ष धन माया सिञ्जाली रहेका छन् । त्यस्तै, सदस्यहरू रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, हिमा गुरुङ, रमा खड्का र देवीप्रसाद गिरीले सामूहिक राजीनामापत्रमा हस्ताक्षर गरेका छन् । गुरुङ पक्षमा भने उनीसमेत गरी १० जना रहेका छन् । जसमा द्वितीय उपाध्यक्ष देवकुमार खोखाली, सदस्यहरू राज लामा तामाङ, सुवर्ण लामा, विद्यालक्ष्मी बज्राचार्य, सुमनराज पाण्डे तथा गुरुङले मनोनीत गरेका चार जना सदस्यहरू रहेका छन् ।

२०८१ चैत २८ मा भएको निर्वाचनबाट निर्वाचित अध्यक्ष गुरुङ नेतृत्वको कार्यसमिति आधा कार्यकाल नसकिँदै विवादमा फसेको हो । विघटनतर्फ उन्मुख भएपछि अध्यक्ष गुरुङ असन्तुष्ट सबैलाई राजीनामा फिर्ता गराउने प्रयासमा लागेका छन् । उनीपक्षीय एक कार्यसमिति सदस्यका अनुसार आन्तरिक कलह मिलाउनकै लागि अध्यक्ष गुरुङले राजीनामा अस्वीकृत गर्ने तयारी गरेका छन् । तर असन्तुष्ट पक्ष निर्णयबाट टसमस नहुने देखिएको छ ।

चुनावमा एउटै प्यानलबाट जितेका अध्यक्ष गुरुङ र महासचिव बस्नेतबीचको विवादले संघ यो स्थितिमा आएको बताइन्छ । कार्यसमितिभित्र गुटबन्धी गराउन भूमिका खेलेको आरोपमा अध्यक्ष गुरुङले सल्लाहकारद्वय धनलाल जैसी र नवराज केसीलाई हटाएका थिए । त्यसपछि महासचिव बस्नेतले अध्यक्ष गुरुङलाई २४ घण्टे स्पष्टीकरण सोधेका थिए । तर, गुरुङले उल्टै बस्नेतलाई निलम्बन गरिदिए । उक्त निलम्बनसँगै बस्नेतसहित पाँच जना पदाधिकारी र छ जना सदस्यले सामूहिक राजीनामाको घोषणा गरेका थिए । राजीनामा घोषणासँगै उनीहरूले संघको सिफलस्थित कार्यालयमा वैशाख १४ गते ताला लगाएका थिए । भोलिपल्ट वैशाख १५ मा अध्यक्ष गुरुङपक्षले ताला तोड्यो ।

# राप्रपामा वैधानिक निर्णय अलपत्र, पार्टी छाड्नेको लहर

- राप्रपामा वैधानिक निर्णय कार्यान्वयन हुँदैन, नेतृत्वप्रति अविश्वास बढ्दो
- जेन-जी विद्रोहलगत्तै प्रदेश सांसदहरूको सामूहिक राजीनामा कार्यान्वयन भएन
- महाधिवेशन र केन्द्रीय बैठक अन्योलमा
- संस्थागत निर्णय प्रक्रियामाथि उठ्यो प्रश्न
- नेताहरूको धमाधम पलायनले पार्टी थप संकटतर्फ



**प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को 'वैधानिक' निर्णयहरू कार्यान्वयन नहुने र लहडमा उलटपुलट गर्ने बढ्दो क्रमसँगै पार्टीको आधिकारिक निर्णय र सूचनामा विश्वसनीयता गुम्न थालेको भन्दै पार्टीभित्र प्रश्न उठेको छ ।

जेन-जी विद्रोहसँगै राप्रपाले प्रतिनिधिसभा र प्रदेशसभाबाट सामूहिक राजीनामा दिएको घोषणा गरेको थियो । तर, राप्रपाको उक्त वैधानिक निर्णय हालसम्म कार्यान्वयन गरिएको छैन । पार्टी स्रोतका अनुसार कार्यान्वयन हुने अब कुनै सम्भावना छैन ।

जेन-जी विद्रोह उत्कर्षमा पुगेको बेला राप्रपाले 'संविधान र संसद्को औचित्य समाप्त भइसकेको' भन्दै दुवै सदनबाट राजीनामा गरेको निर्णय सार्वजनिक गरेको थियो । प्रतिनिधिसभा विघटन भएकोले संघीय संसद्मा राजीनामा दिन आवश्यक भएन तर प्रदेशसभामातर्फ भने राप्रपाका सदस्यहरूले हालसम्म गरेका छैनन् ।

'सामूहिक राजीनामाको वैधानिक निर्णय प्रदेशसभामा कार्यान्वयन गरिएन, पार्टी केन्द्रले प्रदेश सांसदहरूबाट मासिक १० हजार रूपैयाँ लेबी रकम बुझिरहेको छ । पार्टीको आधिकारिक निर्णय केन्द्रीय नेतृत्वले नै घाममा सुकाइदिएको छ,' पार्टी स्रोतले बतायो ।

जबकि प्रवक्ता मोहन श्रेष्ठले भदौ २४ गते जारी गरेको प्रेस विज्ञप्तिमा राप्रपाले भनेको थियो, 'देशमा विकसित पछिल्लो घटनाक्रमबाट वर्तमान सरकार, संसद् र संविधानको औचित्य समाप्त भइसकेको छ । यस सन्दर्भमा राप्रपाका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरूले सामूहिक राजीनामा दिई संसद्बाट बाहिरिने निर्णय गरेको छ ।' राप्रपाको समग्र परिस्थिति मूल्यांकन गर्दै नेता सुरेश आचार्यले भने, 'विगत तीन वर्षदेखि राप्रपामा विधानबमोजिम कुनै काम नभएकोले पार्टीमा विश्रृंखलता, विसंगति बढेर विभाजनउन्मुख भएको छ । यसले गर्दा, राप्रपामा पूरै संरचनागत सुधारको आवश्यकता छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## अध्यादेशमा...

'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई नियमन गर्ने, यस प्रकृतिका संस्थाहरूले कार्य सञ्चालन इजाजतपत्र लिनुपर्ने र समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत रकम फिर्ताका लागि 'चक्रीय राहत कोष' स्थापना गर्नेलगायतका व्यवस्थाहरू यस अध्यादेशमा रहेका छन्,' दाहालले भनिन् । यसमा सरकारले सहकारीपीडितको बचत रकम फिर्ता दिने योजनासहित अध्यादेश अघि बढाएको देखिन्छ ।

यस्तै, विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशसमेत जारी गर्न सिफारिस गरिएको छ । विगतमा राजनीतिकरूपमा नियुक्ति तथा मनोनयन भएका सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेशसँग अनुकूल बनाउन यी अध्यादेशहरू सिफारिस गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सिफारिस गरिएको छ, जसअन्तर्गत २० वटा ऐन संशोधन हुने छन् । भूमि, जग्गा नापजाँच, मालपोत, शिक्षा, वन, स्वास्थ्य, निजामती र बिमालगायतका कानुनमा देखिएका अवरोध हटाउन यो अध्यादेश सिफारिस गरिएको प्रधानमन्त्रीको सचिवालयले जनायो। यसैगरी सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ । 'यो अध्यादेश सार्वजनिक निकायमा राजनीतिकरूपमा नियुक्त भई बहाल रहेका पदाधिकारीहरूलाई पदमुक्त गर्ने उद्देश्यले ल्याइएको हो,' प्रधानमन्त्रीको सचिवालयले जारी गरेको प्रेस नोटमा उल्लेख छ।

यस्तै, सार्वजनिक खरिदलाई समयसापेक्ष बनाउने उद्देश्यसहित सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन गर्ने अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ। यसमा सरकारी विज्ञापन निजी सञ्चार माध्यमलाई नदिनेगरी खरिद ऐन संशोधन गर्न लागिएको बताइएको छ। सरकारले यसअघि नै सरकारी निकायलाई विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिन निर्देशन दिइसकेको छ ।

बोलाइसकेको संसद् अधिवेशन रोकेर अध्यादेशको शासन चलाउन लागेको भन्दै सरकारको चौतर्फी आलोचना भएपछि रास्वपाले आफ्नो सरकारले ल्याएको अध्यादेशको बचाउ गरेको छ । रास्वपा सभापति रवि लामिछानेले यी अध्यादेश दल फुटाउन र विपक्षीलाई थुन्न नभएर काम गर्न ल्याएको दाबी गरे । 'विगतमा भएको अनावश्यक दलीयकरण र गलत नियुक्तिलाई नसच्याएसम्म जनताले यो सरकारबाट गरेको अपेक्षा पूरा गर्न सकिँदैन । पहिले अध्यादेश दल फुटाउन वा विपक्षीलाई थुन्न ल्याइने अभ्यास थियो । अहिलेको आवश्यक सुधारका लागि हो,' सभापति लामिछानेले पार्टीतहका लागि जारी गरेको निर्देशनमा भनिएको छ ।

सभापति लामिछानेले कानुनी रिक्तता पूर्ण गर्न अध्यादेश ल्याउन लागिएको बताए । 'संवैधानिक निकायहरूलाई खाली राख्न सक्दैनौं र कानुनी रिक्ततालाई हामीले कहिलेसम्म कायम गरिरहने ? त्यो रिक्तता पूर्ण गर्नको निमित्त संवैधानिक परिषद्सम्बन्धी अध्यादेश छ, त्यसले त्यहीअनुसारले काम गर्छ,' लामिछानेले भने ।

### रास्वपा सरकारले हेप्यो: गगन थापा

नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारले जनतालाई हेपेको बताएका छन् । बुधबार सर्लाही पुगेर सभापति थापाले पहिलोपटक सरकारविरुद्ध मुख खोलेका हुन् । 'आफ्नै बहुमत भएको संसद्प्रति सरकारको विश्वास छैन । त्यसकारण संसद् छलेर अध्यादेश ल्याउँदै छ भन्ने प्रस्टरूपमा हामीले उठाएको हो,' सभापति थापाले भने, 'सरकारले संसद्लाई हेपेको छ । नागरिकलाई पनि हेपेको छ ।'

सभापति थापाले अहिलेको सरकारले जनतालाई ढाँटेकोसमेत दाबी गरे। 'नागरिकलाई किन हेपेको ? केही पनि बताउनु नपर्ने ? केही भन्नै नपर्ने, सरकारका केही मन्त्रीले संसद्को तयारी नभएको हुँदा संसद्कै अनुरोधमा हामीले बैठक स्थगित गर्नुपऱ्यो भनेर भनेको सुनें। अस्तिसम्म हेपेको कुरा थियो अब ढाँटेको भयो,' उनले भने, 'पहिला हेप्नुभयो, अहिले ढाँट्नुभयो, आखिर केका लागि संसद् स्थगन गरेको भन्ने प्रस्ट भइहाल्यो, अध्यादेश ल्याएको कुरा ।'

### दबाबमा राष्ट्रपति

राष्ट्रपति पौडेल पाँचवटा अध्यादेश पुगेसँगै दबाबमा परेका छन् । यसअघि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पौडेलले पटक-पटक रोकेका थिए ।

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले मंसिर २ गते जारी गर्न सिफारिस गरेको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेशलाई राष्ट्रपति पौडेलले 'होल्ड'मा राखिदिएका थिए । तत्कालीन सरकारले २०७९ फागुन १२ गते संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७९ प्रतिनिधिसभामा दर्ता गरेको थियो । त्यो विधेयक दुवै सदनबाट पारित गरी २०८२ असार ३१ गते प्रमाणीकरणका लागि राष्ट्रपति पौडेलसमक्ष पठाएको थियो । पौडेलले सात दिन राखेर साउन ८ गते विधेयक उत्पत्ति भएको प्रतिनिधिसभामा पाँचवटा आधारसहित फिर्ता पठाइदिएका थिए ।

उक्त अध्यादेश जारी गर्ने कि नगर्ने भन्ने विषयमा राष्ट्रपतिले कानुनविद्सँग छलफल थालेका छन् । सरकारले सिफारिस गरेको अध्यादेश राष्ट्रपतिले १५ दिनभित्र जारी वा फिर्ता गर्नुपर्छ । अरु अध्यादेशमा विचार गरे पनि संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा पुनर्विचार गरिने तयारी राष्ट्रपति पौडेलले गरेको बताइएको छ ।

■■■

## विवादमा...

विवादबीच स्थानीय तहहरूले सेनालाई सुकुमबासीको विवरण बुझाउन अस्वीकार गरेका छन्। बर्दियाको मधुवन नगरपालिका, गेरुवा गाउँपालिकालगायत स्थानीय तहहरूले सेनाको पत्राचार प्रचलित कानुनअनुसार आवश्यक विधि र प्रक्रियाको पालना नगरी आएको देखिएको भन्दै गम्भीर आपत्ति जनाउँदै सुकुमबासीको विवरण दिन नमानेका हुन् ।

खासगरी प्रधानमन्त्री वालेन्द्र शाह र सेनाको अदृश्य सम्बन्धले पनि सेनाको भूमिका शंकाको घेरामा पर्ने गरेको जानकारहरूको बुझाइ छ । जस्तोः काठमाडौं महानगरको प्रमुख हुँदा शाहले पहिलो औपचारिक भेट सेनाका उच्च अधिकारीसँग गरेका थिए । जेन-जी विद्रोहपछि राजनीतिक शून्यताको अवस्थामा जेन-जीहरूलाई सरकार गठनबारे 'प्रधानसेनापतिसँग वार्ता गर' भनेका थिए । त्यसपछि जेन-जी अगुवाहरू जंगीअड्डा पुगेका थिए । भलै उनीहरूले वार्ता भने राष्ट्रपति रामचन्द्र पौडेलसँग गरे । तर, सरकार गठनमा सहजीकरण सेनाले गऱ्यो, जुन प्रधानमन्त्री (तत्कालीन मेयर) शाहको निर्देशनअनुसार भएको हो ।

१३ चैतमा प्रधानमन्त्री बनेका उनले संसद् बैठकलाई सम्बोधन गरेनन् । तर, उनले प्रधानमन्त्री बनेपछि सेनाको कार्यक्रममा गएर सम्बोधन गरे । नयाँ जनादेशसहित गठित शक्तिशाली सरकारको नेतृत्व गर्दा उनले देशवासीलाई संसद्बाट सम्बोधन गर्न उचित ठानेनन् । चुपचाप बसे । तर, सेनाको कार्यक्रममा गएर बोल्नुलाई सेनासँग उनको सम्बन्धबारे शंकास्पदरूपमा हेरिने गरिएको छ ।

अझ उनको निर्देशनपछि प्रहरीले काठमाडौं उपत्यकाको सुकुमबासी बस्ती हटाउने क्रममा मनोहरा क्षेत्रमा तनाव उत्पन्न भएको र भोलिपल्ट त्यहाँ सेना पुगेको थियो । २४ भदौ २०८२ मा राष्ट्रपति भवन शीतलनिवास, सिंहदरबार, संसद् भवनलगायत संरचना जल्दा सडकमा ननिस्केका सेना सुकुमबासी बस्ती हटाउँदा देखिनु र स्थानीय सरकारसँग सुकुमबासीको विवरण माग्नुले विवादमा तानिएको हो ।

■■■

## राप्रपामा...

अब सुधार गर्ने कि नगर्ने ? सच्चिने कि सक्किने ? भन्ने गम्भीर प्रश्न राप्रपासामु छ ।' चुनावपूर्व बसेको केन्द्रीय कार्यसमितिले जेठभित्र महाधिवेशन गर्ने निर्णय गरेको थियो । तर, विना कुनै संस्थागत निर्णय पार्टी संस्थापनले जिल्ला-जिल्लामा अधिवेशन रोकेर राखेको संस्थापनइतरका एक नेताले भने । महामन्त्री डा. धवलशमसेर राणाले केन्द्रीय समितिको निर्णयबमोजिम जेठभित्र महाधिवेशन गर्ने गरी मिति घोषणा गर्न अध्यक्ष राजेन्द्र लिङ्देनसँग माग गरेका छन् । लिङ्देनले यस विषयमा कुनै प्रतिक्रिया दिएका छैनन् । प्रदेश तहका समीक्षा बैठकहरूमा उनी व्यस्त छन् ।

महाधिवेशन प्रतिनिधि प्रेम देसारको भनाइमा प्रदेशस्तरीय समीक्षा गर्ने भन्ने पार्टीको कुनै आधिकारिक निर्णय छैन । उनी भन्छन्, 'हालसम्म समीक्षा गरिएका प्रदेशहरूमध्ये गत निर्वाचनमा मधेसमा राप्रपाका सतप्रतिशत उम्मेदवार पराजित भए, सतप्रतिशतको जमानत जफत भयो । कोशी प्रदेशमा सतप्रतिशत उम्मेदवार पराजित भए, ९६.४ प्रतिशतको जमानत जफत भयो ।

देसारको भनाइमा गण्डकीमा राप्रपाका सतप्रतिशत उम्मेदवार पराजित भए, सतप्रतिशतको जमानत जफत भयो । लुम्बिनीमा सतप्रतिशत उम्मेदवार पराजित भए, सतप्रतिशतको जमानत जफत भयो । यसैगरी मंगलबार समीक्षा गरिएको बागमती प्रदेशमा सतप्रतिशत उम्मेदवार पराजित भए, ९७ प्रतिशतको जमानत जफत भयो ।

प्रवक्ता श्रेष्ठले यसअघि वैशाख १६ गते कार्यसम्पादन समितिको बैठक बस्ने सूचना जारी गरेका थिए। बैठक हाललाई स्थगन गरिएको छ । बैठकको अर्को मिति तोकिएको छैन । बैठकमा मध्यावधि निर्वाचन, महाधिवेशन र अनुशासनसम्बन्धी कारबाहीका विषय छलफल हुने अपेक्षा छ । तर, पार्टी नेताहरू कार्यसम्पादनको बैठक फेरि सर्न सक्ने आशंका गर्छन् । विधान, वैधानिक निर्णय पालना नहुने पार्टीमा जे पनि हुनसक्छ भन्ने माहोल अहिले राप्रपामा विकसित भएको छ ।

निर्वाचनअघि र पछिका दिनहरूमा केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्यलगायतले राप्रपा परित्याग गर्ने क्रम जारी छ। जसमा उपाध्यक्ष रवीन्द्र मिश्र, निर्देशन समिति सदस्य ऋषिबाबु परियार, सहायक महामन्त्री सौरेन्द्र शाह, प्रदेश सांसद सुनिल केसी, केन्द्रीय सदस्यहरू हिक्मतजंग कार्की, किशोर कार्की, सीता बस्याल, रविकिरण हमाल, गोपीकृष्ण चौलागाई, युवराज घिमिरे र दीपकप्रसाद उप्रेतीले पार्टी छाडेका छन् । पार्टीमा प्रभावशाली मानिने नेताहरू विश्वराज पौडेल, प्रकाश रजौरिया, रञ्जु प्याकुरेल, श्रीजन घिमिरे, अजयकुमार गुप्ता, मोहन दाहाल, कोशी प्रदेशको राप्रपा प्रवक्ता विजय राउत आदि छन् ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक ६ वैशाख १५ गते २०८३ मा प्रकाशित Masar Al-Bunoud Contracting Company को LT. No.341167 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np

**प्रमाणपत्र हराएको सूचना**

मिति २०८२/०१/०२ गते काठमाडौं जिल्ला, का.म.न.पा. ७ कालोपुलदेखि चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको SLC को क्यारेक्टर सर्टिफिकेट र मार्कसिट तथा +2 को सक्कली माइग्रेशन सर्टिफिकेट, क्यारेक्टर सर्टिफिकेट, प्रोभिजनल सर्टिफिकेट र ट्रान्सक्रीप्ट लगायतको महत्वपूर्ण प्रमाणपत्रहरू हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सालिनी सिंह**
**+2 को रजिस्ट्रेसन.नं.: 592720353**
**SLC को मार्कसिट सिम्बोल नं.: 0300381 C**
**ठेगाना : Siphal, Kathmandu, Nepal**
**सम्पर्क: 9841368119**

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक ४ वैशाख १४ गते २०८३ मा प्रकाशित Al Faraz International Overseas Pvt. Ltd को LT. No. 339699 को Sunbun Restaurant For Meals कम्पनीमा कामदार संख्या पुरुष ३ जना र LT. No. 340777 को कम्पनीको नाम Topaz GD Foundation हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०१/१७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान २६ को ३०३.३७ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**नवबुद्ध सामुदायिक वन उपभोक्ता समूह**
**बकैया- ७, मकवानपुर**

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सूचना**
**प्रकाशित मिति : २०८३/०१/१७**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **All Asia Overseas Pvt.ltd.** (ई.प.नं.1305/074/75) ले यस विभाग समक्ष तपसिल बमोजिमको शाखा कार्यालय बन्द गरि धरौटी रकम फिर्ता गरि पाउँ भनि निवेदन पेश गरेकोले सो सम्बन्धमा शाखा कार्यालय बन्दको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०१/१६ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको अनुमति पत्र रद्द गरि धरौटी रकम फिर्ता भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल:

| क्र.सं. | शाखा कार्यालय रहेको ठेगाना | शाखा प्रमुखको नाम |
|---|---|---|
| १ | कोशी प्रदेश झापा जिल्ला बिर्तामोड न.पा वडा नं.०१ | झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ०९ बस्ने गुञ्जना आचार्य |

**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०१/१७**

यस सा व उ स बाट संकलित खयर काठ ४३२.६४ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**कवादी सा. वन उपभोक्ता समूह, म्याग्दे ५, तनहूँ ।**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०९/०९ मा दर्ता भएको **प्रा.लि. नं. ४३०५८/०६३/०६४** को **स्टडी स्कूल प्रा.लि.** को मिति २०८३/०१/१६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर : श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना : त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०२/०५ मा दर्ता कायम भएको **होटल मेलोडी प्रा.लि. प्रा.लि.नं.** २१५४६३/२०७५/०७६) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/१५ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री कुमार गुरुङ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ५२१/फोन नं. ९८४१८६१६३०**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०६/०७ मा दर्ता कायम भएको **भिमसेन यातायात तथा ढुवानी सेवा प्रा.लि.** (**प्रा.लि.नं.** २२५६८१/२०७६/०७७) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/०१/१६ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**Vacancy Announcement**

**Dusit Princess Kathmandu**, owned by **Hotel Lhasa International Pvt. Ltd.** and managed by Dusit International, Thailand, is committed to delivering exceptional hospitality and dining experiences to its guests. We invite applications from qualified, experienced, and passionate candidates for the following position:

**Position: Thai Master Chef**
**Number of Vacancies:** 1
**Job Location:** Kathmandu
**Job Description:**

- Managing and supervising all aspects of the Thai kitchen, including menu planning, food preparation, and quality control.
- Ensuring high standards of taste, presentation, hygiene, and food safety.
- Controlling food costs, kitchen equipment, labour, and inventory.
- Training and guiding kitchen staff to maintain consistent service quality.

**Required Experience and Qualifications:**

- At least **7 years of experience** as a Thai Chef or Master Chef in a 5 star hotel.
- Strong knowledge of Thai cuisine and traditional cooking techniques.
- Good leadership, communication, and teamwork skills.
- Commitment to cleanliness, discipline, and professional standards.

**Selection Method:**

- Shortlisted candidates will be selected based on their resume, experience, and interview and practical cooking assessment.

Interested and qualified candidates are requested to submit their updated CV, passport-size photograph, experience certificates, and passport copy to HR Department at shurakshya.shrestha@dusit.com or at hr.dpkn@dusit.com by 6th May, 2026. **Preference to be given to Nepali citizen. Male candidates are encouraged to apply.**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, १७ वैशाख, २०८३**

| | |
|---|---|
| **मेष** | काममा सफलता मिल्नेछ । नयाँ अवसरले उत्साह बढाउनेछ । |
| **वृष** | आर्थिक पक्ष सुधार हुने संकेत छ । धैर्यले राम्रो नतिजा दिनेछ । |
| **मिथुन** | सानो गल्तीले तनाव दिन सक्छ । सोचेर मात्र निर्णय गर्नुहोस् । |
| **कर्कट** | परिवारबाट सहयोग मिल्नेछ । मन शान्त र सकारात्मक रहनेछ । |
| **सिंह** | नेतृत्व क्षमताले सफलता दिलाउनेछ । सम्मान प्राप्त हुने दिन छ । |
| **कन्या** | काममा व्यस्तता बढ्नेछ । तर उपलब्धि पनि राम्रो हुनेछ । |
| **तुला** | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ । नयाँ योजना अघि बढ्नेछ । |
| **वृश्चिक** | चुनौती आए पनि पार गर्न सकिनेछ । आत्मविश्वास बढ्नेछ । |
| **धनु** | यात्राको सम्भावना देखिन्छ । नयाँ अनुभवले फाइदा दिनेछ । |
| **मकर** | मेहनतको राम्रो फल मिल्नेछ । आर्थिक लाभ हुन सक्छ । |
| **कुम्भ** | कुम्भस् सोचेर अघि बढ्नु राम्रो हुनेछ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| **मीन** | मन खुसी रहनेछ । प्रेम र सम्बन्धमा सुधार आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ वैशाख, २०८३ (३० अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.९७ | १५१.५७ |
| युरो | १ को | १७६.५७ | १७७.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.५५ | २०४.३६ |
| स्विस फ्रैन्क | १ को | १९१.१६ | १९१.९२ |
| अस्ट्रेलियन डलर | १ को | १०८.१३ | १०८.५६ |
| क्यानाडियन डलर | १ को | ११०.४६ | ११०.९० |
| सिङगापुर डलर | १ को | ११८.१८ | ११८.६५ |
| जापानी येन | १० को | ९.४५ | ९.४९ |
| चिनियाँ युआन | १ को | २२.०८ | २२.१७ |
| साउदी अरब रियाल | १ को | ४०.२५ | ४०.४१ |
| कतारी रियाल | १ को | ४१.४१ | ४१.५८ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१० | ४१.२६ |
| मलेसियन रिङेट | १ को | ३८.२० | ३८.३५ |
| दक्षिण कोरियन वन | १०० को | १०.२३ | १०.२७ |
| स्विडिस क्रोनर | १ को | १६.२८ | १६.३४ |
| डेनिस क्रोनर | १ को | २३.६३ | २३.७२ |
| हङकङ डलर | १ को | १९.२६ | १९.३४ |
| कुवेती दिनार | १ को | ४९२.७२ | ४९४.६८ |
| बहराइन दिनार | १ को | ४००.१९ | ४०१.७८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**हावाहुरीसहितको वर्षा** | काठमाडौंमा बुधबार साँझ हावाहुरीसहितको वर्षाका कारण साँझ ५ बजे नै अँध्यारो भएपछि... ।

*तस्बिर: रासस*

# उत्पीडित समुदायको संवैधानिक अधिकार कार्यान्वयन गर्ने प्रतिबद्धता

■ प्रभव संवाददाता

**काठमाडौं–** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादीले समाजका सबैभन्दा कमजोर अवस्थामा रहेका, गरिब, विपन्न, दलित र सीमान्तकृत समुदायको संवैधानिक र कानुनी अधिकार कार्यान्वयन गर्ने प्रतिबद्धता गरेकी छन् । मन्त्रालयले यहाँ बुधबार आयोजना गरेको कार्यक्रममा उनले भनिन्, 'पछाडि परेको समुदायको सामाजिक जीवनमा रूपान्तरण गर्न वा सामाजिक सांस्कृतिकरूपमा हुँदै आएको भेदभाव, अपमान र हिंसाको अन्त्य गर्न हामीले यो समुदायको सशक्तीकरण र मूलप्रवाहीकरण गर्न अनिवार्य छ, त्यसैले यो गम्भीर र संवेदनशील विषयमा हामीले भइरहेका संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने छ भने आवश्यक कानुन, नीति र कार्यक्रम तय गरी लागू गर्नुपर्ने छ ।'

मन्त्री वादीले सरकारले समग्र देशको विकासमा तीव्रताका साथ काम गरेता पनि मानवीय विकासका कार्यक्रमले प्राथमिकता नदिइकन नेपाली समाजको समग्रतामा विकास हुन नसक्ने बताइन् । उनले भनिन्, 'त्यसैले हामीले सामाजिक र मानवीय विकासलाई सबैभन्दा पहिलो प्राथमिकतामा राख्नुपर्छ, मानवीय विकास न्याय, समानता र हिंसाको अन्त्यसँग गहिरोरूपमा जोडिएको छ, त्यसैले हामीले समाजका सबैभन्दा कमजोर अवस्थामा रहेका, गरिब, विपन्न, दलित, र सीमान्तकृत समुदाको सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक रूपान्तरणतर्फ ध्यान केन्द्रित गर्नैपर्छ ।'

विशेषगरी सामाजिक विकास मन्त्रालय वा सरोकारवाला निकायले यो विषयमा केन्द्रित भएर समग्र सामाजिक र मानवीय विकासमा केन्द्रित हुने दिशातिर कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा गम्भीरतापूर्वक छलफल गर्न आवश्यक रहेको उनको भनाइ छ । उनले देशको सबैभन्दा धेरै जनसंख्या रहेको महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यकलगायत सबै सीमान्तकृत समुदायको पक्षमा काम गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी आफ्नो मन्त्रालयमा भए पनि सो जिम्मेवारी केबल संघीय मन्त्रालयकोमात्रै नभई प्रदेश र स्थानीय सरकारको पनि भएको बताइन् ।

## आशिष निर्माण सेवाका सञ्चालक गौली पक्राउ

**काठमाडौं (प्रस)–** सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन प्रणालीमा अनधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काको विवरण हेरफेर गरेको आरोपमा आशिष निर्माण सेवा प्रालिका सञ्चालक ऋषिकेश गौली पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बुधबार उनलाई काठमाडौंको पुरानो बानेश्वरबाट पक्राउ गरेको हो । ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्नन गरेको आरोपमा हालसम्म दल जना निर्माण व्यवसायीसहित १३ जनालाई अनुसन्धान भइरहेको ब्युरोका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिए । पक्राउ परेकाविरुद्ध संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पहिचानवादी नेता कुमार राईको निधन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सामाजिक लोकतान्त्रिक पार्टीका संस्थापक अध्यक्ष तथा संविधानसभा सदस्य कुमार राईको निधन भएको छ । अस्वास्थ्य भई बानेश्वरस्थित फ्रन्टलाइन हस्पिटलमा उपचाररत ८० वर्षीय राईको गत सोमबार निधन भएको उनको परिवारले जानकारी दिएको छ। मृतक राईको मंगलबार पशुपतिस्थित विद्युतीय शवदाहगृहमा अन्त्येष्टि गरिएको छ ।



भोजपुर जिल्लाको तत्कालीन वैकुण्ठ गाविस (हाल रामप्रसादराई गाउँपालिकामा वि.सं. २००२ कात्तिक महिनामा उनको जन्म भएको हो । आफ्नो बाल्यकाल सिंगापुरमा बिताएका राईले कक्षा ७ सम्मको पढाइ पनि त्यहीँ पूरा गरेका थिए । त्यसपछि आफ्नै जिल्ला भोजपुरको स्थानीय विद्यालयबाट २०२२ सालमा एसएलसी उत्तीर्ण गरे । स्नातकसम्मको अध्ययन काठमाडौं आएर पूरा गरेका थिए । उच्च शिक्षा अध्ययनकै क्रममा उनले राजनीतिक यात्रा सुरु गरेका थिए । वि.सं. २०२८ सालमा सिमपानी हाई स्कुल खोटाङको प्रधानाध्यापक बने ।

स्वतन्त्र विद्यार्थी युनियनको सभापतिसमेत भएका उनी नेपाल कम्युनिस्ट पार्टी मालेहुँदै पछि नेपाली कांग्रेस पार्टीमा प्रवेश गरी राजनीतिमा सक्रिय बने । त्यस क्रममा विभिन्न समय उनी जेलसमेत परेका थिए । माओवादी द्वन्द्वकालमा २०५९ असोज १६ गते तत्कालीन नेकपा माओवादीको संघातिक आक्रमणमासमेत उनी परे । द्वन्द्वका कारण विस्थापित राई परिवार र बालबच्चासहित राजधानी काठमाडौंमा बस्न बाध्य भए ।

वि.सं. २०६४ सालको पहिलो संविधानसभामा नेपाली कांग्रेसको तर्फबाट समानुपातिकबाट सभासद बने । संविधानसभा पाँच वर्षको कार्यकालअघि नै विघटन भएपछि उनी नयाँ राजनीतिक संगठन निर्माणमा जुटे । उनले सामाजिक लोकतन्त्र, बहुल राष्ट्रवाद र आदिवासीवादको विचारधारालाई राजनीतिक दर्शनको रूपमा अघि सारे । सोही दर्शनका आधारमा २०६९ पुस १५ मा सामाजिक लोकतान्त्रिक पार्टी घोषणा गरे । २०७९ को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उनको पार्टीले पहिलोपटक निर्वाचनमा भाग लिएको थियो ।


**साउदीमा रोजगार** कम्पनी : AWAEL AL-MOSTAQBAL INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 339245 | चलानी नं. ६०२५४५३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 9 | 0 | 1200 | ४८,३५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Srijanahil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**साउदीमा रोजगार** कम्पनी : SEAFOOD RESTAURANT Company — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341168 | चलानी नं. ६०२५४५४८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ४०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASDAR ALWIQAYAH FACTORY FOR MANUFACTURING — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341180 | चलानी नं. ६०२५४५४९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ४०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1000 | ४०,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



**कुवेतमा रोजगार** कम्पनी : SHAWY DASMAN RESTAURANT COMPANY — शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८३/०१/१६ | चलानी नं.: ६०२५४५६१ | LT.No.: 341224

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 4 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५९,१२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 4 | | 130 | ६४,०५३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ बैशाख २४ गते (7 May, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : HYGIENE PRODUCTS INDUSTRIES CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 317844 | चलानी नं. ६०२३२१३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Labour | 57 | 0 | 100 | ४९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-5929372
970-0003745 Gynandra Adhikari, Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१



**मलेसियामा रोजगार** कम्पनी : TENAGA BESIH SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341265 | चलानी नं. ६०२५४५८४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 60 | 0 | 1700 | ६५,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



**कुवेतमा रोजगार** कम्पनी : KHALIL INTERNATIONAL FOOD STUFF CO.

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341215 | चलानी नं. ६०२५४५७१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 100 | ४९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



**साउदीमा रोजगार** कम्पनी : HALA AL JAZEERA INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341195 | चलानी नं. ६०२५४५६२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 1 | 0 | 1500 | ६०,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** कम्पनी : GULF ORYX FENCING FIXING LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 330971 | चलानी नं. ६०२४४९२४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/telecommunication | 1 | 0 | 1500 | ६१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 1 | 0 | 1500 | ६१,७४० | | | | | | | |
| 3. | Electrician | 5 | 0 | 1500 | ६१,७४० | | | | | | | |
| 4. | Tile Layer | 1 | 0 | 1500 | ६१,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**APEX H.R. CONSULTANCY PVT. LTD.** (FUTURE SKILLS H.R. CONSULTANCY PVT.LTD.)
Govt. License No. 1200/073/74
Sinamangal-9, Kathmandu, Nepal, Tel.: +977-1-5920245, 5920245
E-mail: info@apexhr.com.np, Website: www.apexhr.com.np


स्थानीय सरकार

## ईन्द्रावती गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपुर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

### आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/१७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड 'घ' को उपखण्ड (६) मा भएको व्यवस्था, ईन्द्रावती गाउँपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, ढुंगा, गिटी, बालुवा, उत्खनन तथा विक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ (१) र ९ (५) र सो सँग सम्बन्धित अनुसूची ५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था, राजश्व परामर्श समितिको सिफारिस र यस गाउँ कार्यपालिका बैठकको मिति २०८३/०१/१५ गतेको निर्णयानुसार देहायको शीर्षकहरूमा आ.व.२०८३/०८४ को लागी ठेक्काद्वारा राजस्व असुली सम्बन्धी सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरूले बोलपत्र खरिद गरी देहायको मिति र समयभित्र E–Bidding मार्फत यस कार्यलयमा पेश गर्नु हुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**आन्तरिक आय ठेक्का विवरण :**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८३/०८४ को लागि ठेक्का वन्दोवस्ती मार्फत निर्धारण गरिएको सङ्कलन तथा विक्री परिमाण (घनफिटमा ) | आ.व. २०८३/०८४ को लागि निर्धारण गरिएको ढुंगा, गिटी, बालुवा, ग्राभेल रोडा र दहत्तर बहत्तरको सङ्कलन एवम् विक्री दर (प्रति घन फिट) रु. | कूल न्यूनतम अंक्त रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| IRMSI/GOODS/R/083/084-01 | ईन्द्रावती नदी तर्फ ईन्द्रावती गाउँपालिका क्षेत्रको कोइरालटार, आँपटार, भीमटार, न्यौपानेटार, धुसेनी, होस्टेदोभान, सिस्नेखोलादोभान, माझीटार, ढोटार, बदेली, ओडारे बगरहरूको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा स्वीकृत परिमाणको ढुंगा, गिटी, बालुवा, ग्राभेल, रोडा र दहत्तर बहत्तरको सङ्कलन एवम् विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | १,५४,१८,५४३.६३ | ७/- | १०,७९,३०,५०५.८३ | १०,०००/- | कूल कबोल अंकको ५% ले हुन आउने रकम वा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत |

- धरौटी खाता नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक प्रा.लि., ईन्द्रावती शाखा, नवलप'र स्थित खाता नं १७३०१४००००००५५
- बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यलयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक प्रा.लि., ईन्द्रावती शाखा, नवलपुरमा रहेको खाता नं. १७३०१४०००००११६ मा दाखिला गर्नु पर्नेछ ।
- बोलपत्र खोल्ने मिति २०८३/०२/१८ गते दिनको १:०० बजे ।
- यस ठेक्का सूचनाको शर्त तथा अन्य शर्त ईन्द्रावती गाँउपालिकाको वेभसाइट www.indrawatimun.gov.np र PPMO को वेभसाइट PPMO http://www.bolpatra.gov.np/egp बाट Download गर्न सक्नु हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### आर्थिक स्थितिपत्रः रोगको पहिचान, उपचारको पर्खाइ

अर्थ मन्त्रालयले सार्वजनिक गरेको ‘नेपालको वर्तमान आर्थिक स्थितिपत्र’ ले मुलुकको अर्थतन्त्रको वास्तविक तस्बिर प्रस्तुत गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेद्वारा प्रस्तुत यस प्रतिवेदनले अर्थतन्त्र पुनर्संरचनाको चरणमा रहेको दाबी गरिरहँदा हाम्रा आन्तरिक संरचनामा रहेका गम्भीर विरोधाभासहरूलाई पनि सतहमा ल्याइदिएको छ । स्थितिपत्रले औंल्याएको सबैभन्दा चुनौतीपूर्ण पक्ष भनेको नेपालको आकासिँदो सार्वजनिक ऋण र उत्पादनहीन अर्थतन्त्र हो ।

आर्थिक वर्ष २०७१/७२ मा मात्र पाँच खर्ब ४४ अर्ब रूपैयाँ रहेको सार्वजनिक ऋण एक दशकको अवधिमा २९ खर्ब २९ अर्ब नाघ्नुले हाम्रो वित्तीय स्वास्थ्य जोखिमपूर्ण अवस्थामा रहेको संकेत गर्छ । ऋण लिनु आफैंमा नराम्रो होइन, तर लिइएको ऋणले उत्पादनमूलक क्षेत्रमा योगदान दिन नसक्नु र पुँजी निर्माणमा अपेक्षित भूमिका खेल्न नसक्नु चिन्ताको विषय हो । कूल गार्हस्थ उत्पादन (जिडिपी) को ३६ प्रतिशत बचत हुँदा पनि लगानी २८ प्रतिशतमा खुम्चनु र उपभोग ९३ प्रतिशत पुग्नुले हामी अझै पनि ‘कमाउने र बचाउने’ भन्दा ‘सापटी लिने र खर्च गर्ने’ उल्टो बाटोमा हिँडिरहेका छौं भन्ने पुष्टि गर्छ ।

अर्कोतर्फ, जिडिपीको संरचनामा सेवा क्षेत्रको हिस्सा ६२ प्रतिशत पुग्नु र उत्पादनमूलक क्षेत्र पाँच प्रतिशतमा सीमित हुनुले हाम्रो अर्थतन्त्र ‘रेन्ट–सिकिङ’ (बिचौलिया र आयातमा आधारित लाभ) प्रवृत्तिमा जकडिएको प्रस्ट पार्छ । जबसम्म उद्योग र कृषिको आधुनिकीकरणमार्फत वास्तविक उत्पादन बढ्दैन, तबसम्म रोजगारी सिर्जना र दिगो आर्थिक वृद्धिको लक्ष्य केवल कागजमा सीमित रहने छ । प्रतिवेदनले ठिकै ठहर गरेको छ कि– हामीलाई अब ‘निरपेक्ष उदारीकरण’मात्र होइन, बरु उद्यमशीलतालाई प्रोत्साहन गर्ने र नयाँ उद्यमीलाई बजारमा स्वागत गर्ने बृहत् संरचनात्मक सुधार चाहिएको छ ।

सकारात्मक पक्षतर्फ हेर्दा, ऊर्जा क्षेत्रमा हासिल भएको चार हजार १०५ मेगावाटको उपलब्धि र डिजिटल अर्थतन्त्रतर्फको झुकाव आशालाग्दा किरण हुन् । १५ हजार मेगावाटको लक्ष्य र सूचना प्रविधिको उपयोगले नेपाललाई क्षेत्रीय बजारमा प्रतिस्पर्धी बनाउन सक्छ । तर, शिक्षा क्षेत्रको तथ्यांकले भने झस्काउँछ । माध्यमिक तहको भर्ना दर ६० प्रतिशतभन्दा तल हुनुको अर्थ हाम्रो आधाभन्दा बढी भविष्यको जनशक्ति अदक्ष श्रमबजारमा होमिँदै छ ।

अन्ततः स्थितिपत्रले समस्याको पहिचान त गरेको छ, तर यसको सफलता ‘कार्यान्वयन’ मा निर्भर गर्छ । विगतमा पनि अवधारणागत अस्पष्टता र संस्थागत कमजोरीका कारण राम्रा योजनाहरू अलपत्र परेका उदाहरण धेरै छन् । अर्थमन्त्रीले भनेजस्तै उद्यमशीलतालाई दण्डित गर्ने नीतिगत झण्झटहरू हटाउँदै, सार्वजनिक ऋणलाई उत्पादनमूलक क्षेत्रमा मोड्दै र विप्रेषणलाई पुँजी निर्माणमा प्रयोग गर्न सकेमात्र यो सुधारका योजनाले सार्थकता पाउने छ ।

## श्रम सरोकार

### सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

#### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

#### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

#### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# स्थानीय सरकारका अन्तर्राष्ट्रिय सम्बन्धनः अवसर र उत्तरदायित्व



❑ कृष्णचन्द्र न्यौपाने

> युसिएलजी-एएसपिएसी सदस्यता, अन्तर्राष्ट्रिय सम्मेलनहरुमा सहभागिता र सिस्टर सिटी सम्बन्धहरु नेपालका लागि महत्वपूर्ण अवसर हुन् । तर ती अवसरहरु केवल भ्रमण र औपचारिकतामा सीमित भएमा तिनको मूल्य घट्छ । सार्वजनिक स्रोतको उपयोगलाई परिणामसँग जोड्दै, अन्तर्राष्ट्रिय आबद्धतालाई ज्ञान, नवप्रवर्तन र सुशासन सुधारको माध्यम बनाउनु आजको आवश्यकता हो ।

विश्वव्यापी शासन प्रणाली अहिले बहुआयामिक संकटहरूको दबाबमा छ- असमानता, जलवायु परिवर्तन र लोकतान्त्रिक विच्छेदनले राज्य-नागरिक सम्बन्धलाई कमजोर बनाइरहेका छन् । यस्ता चुनौतीहरूको सामना गर्न युनाइटेड सिटिज एण्ड लोकल गभर्मेन्ट्स (युसिएलजी) ले ‘लोकल सोसियल कोभिनेन्ट’ (स्थानीय सामाजिक करार) मार्फत स्थानीय सरकारलाई सामाजिक पुनर्निर्माणको केन्द्रमा राख्ने प्रयास गरेको छ (युसिएलजी, २०२४) । तर नेपालका लागि मुख्य प्रश्न यो अवधारणालाई अपनाउनेमात्र होइन, यसलाई व्यवहारमा रूपान्तरण गर्ने हो- विशेषगरी जब अन्तर्राष्ट्रिय आबद्धता प्रायः परिणामभन्दा प्रतिनिधित्व र भ्रमणमा सीमित देखिन्छ ।

नेपालका स्थानीय सरकारका संघ महासंघहरू- नेपाल नगरपालिका संघ, नेपाल गाउँपालिका राष्ट्रिय महासंघ तथा जिल्ला समन्वय समिति महासंघलगायत नगरपालिका र गाउँपालिकाहरू प्रत्यक्षरूपमा यस्ता संस्थाहरू र सञ्जालका सदस्य छन् । प्रमुखरूपमा ‘संगठित सहर तथा स्थानीय सरकारहरू- एसिया प्रशान्त क्षेत्रीय स्थानीय सरकारहरू’ (युसिएलजी-एएसपिएसी) मा आबद्ध छन् । सिद्धान्ततः, यस्तो सदस्यताले अन्तर्राष्ट्रिय सिकाइ, नवप्रवर्तन र सुशासनका अभ्यासहरू नेपालमा भित्र्याउने अवसर दिन्छ । तर व्यवहारमा, यस्ता अवसरहरूको उपयोग अपेक्षितरूपमा हुन नसकेको गम्भीर आलोचना बढ्दै गएको छ ।

विशेषगरी युसिएलजी-एएसपिएसी अन्तर्गत हुने क्षेत्रीय बैठक, सम्मेलन र विश्व फोरमहरूमा सहभागिता प्रायः ‘विदेश भ्रमण’ मा सीमित हुने गरेको छ । सार्वजनिक स्रोतको प्रयोग गरेर गरिने यस्ता भ्रमणहरूले यदि स्पष्ट नीतिगत सुधार, संस्थागत विकास, वा सेवा प्रवाहमा सुधार ल्याउन सक्दैनन् भने ती केवल औपचारिकता र स्रोतको अपव्ययमा परिणत हुने जोखिम हुन्छ । यसले स्थानीय शासनप्रति नागरिकको विश्वासमासमेत नकारात्मक प्रभाव पार्न सक्छ ।

यस सन्दर्भमा अर्को महत्त्वपूर्ण तर कम उपयोग गरिएको आयाम हो- सिस्टर सिटी वा ट्विनिङ सम्बन्ध । विश्वभरका सहरहरूबीच यस्ता सम्बन्धहरू स्थापना गरी ज्ञान आदानप्रदान, प्रविधि हस्तान्तरण, सांस्कृतिक सहयोग र आर्थिक साझेदारीलाई प्रवर्द्धन गर्ने अभ्यास व्यापकरूपमा सफल देखिएको छ । उदाहरणका लागि कुनै नेपाली नगरपालिकाले यदि जापान, दक्षिण कोरिया वा युरोपका कुनै सहरसँग सिस्टर सिटी सम्बन्ध स्थापना गर्छ भने यसले सहरी योजना, फोहोर व्यवस्थापन, डिजिटल शासन वा जलवायु अनुकूलनजस्ता क्षेत्रमा प्रत्यक्ष सिकाइ र सहकार्यको अवसर दिन सक्छ ।

तर नेपालमा यस्ता सिस्टर सिटी सम्बन्धहरू पनि प्रायः औपचारिक सम्झौतामा सीमित हुने गरेको देखिन्छ । धेरै स्थानीय तहहरूले सम्झौता त गर्छन्, तर त्यसलाई कार्यान्वयन गर्ने स्पष्ट कार्ययोजना, बजेट र संस्थागत संयन्त्रको अभाव हुन्छ । परिणामतः यी सम्बन्धहरू पनि ‘कागजी उपलब्धि’मा सीमित रहन्छन् । यसले अन्तर्राष्ट्रिय सहकार्यको वास्तविक सम्भावनालाई कमजोर बनाउँछ ।

स्थानीय सामाजिक करारले प्रस्ताव गरेको मूल अवधारणा (स्थानीय सरकारलाई सामाजिक परिवर्तनका राजनीतिक अभिकर्ताका रूपमा स्थापित गर्ने) नेपालका लागि अत्यन्त सान्दर्भिक छ । यसले ‘हेरचाह’, ‘समावेशीकरण’ र ‘युवा सहभागिता’ जस्ता मूल्यहरूलाई शासनको केन्द्रमा राख्न आग्रह गर्दछ । यदि नेपालका स्थानीय सरकारहरूले अन्तर्राष्ट्रिय सञ्जाल र सिस्टर सिटी सम्बन्धबाट प्राप्त ज्ञानलाई यस्ता मूल्यहरूसँग जोड्न सके भने यसले शासन प्रणालीमा गुणात्मक सुधार ल्याउन सक्छ ।

नेपालको संघीय संरचनाले स्थानीय तहलाई व्यापक अधिकार दिएको भए पनि कार्यान्वयनमा अझै चुनौतीहरू छन्- नीति निर्माणमा ढिलाइ, स्रोत साधनको अभाव र संस्थागत क्षमता कमजोर हुनुजस्ता समस्या अझै विद्यमान छन् (आचार्य, २०२१) । यस्तो अवस्थामा युसिएलजी-एएसपिएसी सदस्यता र सिस्टर सिटी सम्बन्धहरूलाई रणनीतिकरूपमा उपयोग गर्न सकिएमा यी चुनौतीहरू समाधान गर्न सहयोग पुग्न सक्छ ।

उदाहरणका लागि यदि कुनै नगरपालिका अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन्छ भने त्यसलाई केवल प्रतिनिधित्वमा सीमित नगरी ‘ज्ञान रूपान्तरण’ प्रक्रियामा रूपान्तरण गर्नुपर्छ । सहभागी प्रतिनिधिहरूले फर्किएपछि अनिवार्य रूपमा सिकाइको प्रतिवेदन सार्वजनिक गर्ने, स्थानीय तहमा कार्यशाला आयोजना गर्ने र सिकिएको अभ्यासलाई स्थानीय नीतिमा समावेश गर्ने व्यवस्था गर्न सकिन्छ । यसैगरी सिस्टर सिटी सम्बन्धहरूलाई परियोजना आधारित सहकार्यमा रूपान्तरण गर्न सकिन्छ । जस्तैः संयुक्त जलवायु परियोजना, स्मार्ट सिटी पहल वा युवा उद्यमशीलता कार्यक्रम ।

यस प्रक्रियामा एडिसिसिएन, एमयुएएन/एनएआरएमआइएन जस्ता संघहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । यी संस्थाहरूले आफ्ना सदस्य स्थानीय तहहरूलाई अन्तर्राष्ट्रिय अवसरहरूको प्रभावकारी उपयोग गर्न मार्गदर्शन गर्न सक्छन् । साथै, सार्वजनिक स्रोतको प्रयोगमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न स्पष्ट मापदण्ड र अनुगमन प्रणाली विकास गर्न आवश्यक छ ।

स्थानीय सामाजिक करारले प्रस्ताव गरेको ‘संरचित राजनीतिक संवाद’ नेपालमा पनि लागू गर्न सकिन्छ । स्थानीय सरकार, नागरिक समाज र निजी क्षेत्रबीच नियमित संवादमार्फत अन्तर ाष्ट्रिय सिकाइलाई स्थानीय सन्दर्भमा रूपान्तरण गर्न सकिन्छ । यसले नीति निर्माणलाई अधिक समावेशी, पारदर्शी र उत्तरदायी बनाउँछ ।

निष्कर्षः युसिएलजी-एएसपिएसी सदस्यता, अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागिता र सिस्टर सिटी सम्बन्धहरू नेपालका लागि महत्त्वपूर्ण अवसर हुन् । तर ती अवसरहरू केवल भ्रमण र औपचारिकतामा सीमित भएमा तिनको मूल्य घट्छ । सार्वजनिक स्रोतको उपयोगलाई परिणामसँग जोड्दै, अन्तर्राष्ट्रिय आबद्धतालाई ज्ञान, नवप्रवर्तन र सुशासन सुधारको माध्यम बनाउनु आजको आवश्यकता हो ।

यदि नेपालका स्थानीय सरकारहरूले यी अवसरहरूलाई सही रूपमा उपयोग गर्न सके भने उनीहरू केवल सेवाप्रदायकमात्र नभई विश्वव्यापी सामाजिक सम्झौताको निर्माणमा सक्रिय सहभागी बन्न सक्छन् । अन्यथा, अन्तर्राष्ट्रिय आबद्धता केवल प्रतिष्ठा र भ्रमणमा सीमित रहने खतरा यथावत् रहने छ । अब समय आएको छ, सदस्यतालाई अर्थपूर्ण बनाउने, सिस्टर सिटी सम्बन्धलाई जीवित सहकार्यमा रूपान्तरण गर्ने र सार्वजनिक स्रोतलाई वास्तविक परिवर्तनको साधन बनाउने ।




*एआईद्वारा सिर्जित प्रतीकात्मक तस्बिर*

## पाठक मञ्च

# देश कालोसूचीको खतारामा, अर्थमन्त्री आफ्नै पारामा !

माघ महिना आउन आठ महिनामात्र बाँकी छ । आठ महिनाभित्र नेपाल सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी ‘ग्रेलिस्ट’बाट नहटे कालोसूचीमा पर्ने छ । वालेन्द्र शाह नेतृत्वको रास्वपा सरकार गठन भएको एक महिना पूरा भएको छ । यसबीचमा अर्थतन्त्रमा कुनै राम्रो संकेत देखिएको छैन । राजस्व संकलनतर्फ पनि सरकारको ध्यान गएको देखिन्न ।

उल्टै सरकार गठनको एक महिनामा तीन पटक गरी खर्बौं वैदेशिक ऋण लिएको अवस्था छ । पुरानै ऋण ३२ खर्ब छ । गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनमा सरकारीतर्फ ८४ अर्ब ७७ करोड र निजीतर्फ २७ खर्ब बराबरको सम्पत्ति क्षति बनेको छ । पुनर्निर्माणका निम्ति यो भन्दा दोब्बर रकम लाग्छ । किनकि निर्माण सामग्री एकदमै महँगिएको छ ।

सरकारले निर्माण व्यवसायीको ४५ अर्ब, कारोबार बिमाको २४ अर्ब, स्वास्थ्य बिमाको ४३ अर्ब, दुग्ध तथा उखु किसानको सात अर्ब भुक्तानी नदिएको वर्षौं बितिसकेको छ । बैंक, वित्तीय संस्थादेखि सर्वसाधारणसम्मको लगानी घरजग्गा, गाडी र सेयरमा छ । दलालीको लहैलहैमा मानिस तथा संस्थाहरूले आँखा चिम्लेर लगानी गरे, जसले मुलुकमा आर्थिक संकट निम्तियो ।

घरजग्गा, गाडी र सेयर कारोबार वर्षौंदेखि ठप्प छ । जबकि, यो क्षेत्रमा खर्बौं लगानी गरिएको छ । १० हजार रोपनीमा नबिक्ने खेतीयोग्य जमिनमा भूमाफियाले डोजर चलाए । अनि आनाकै २५ लाखदेखि करोडौंमा बेचियो । छिमेक भारत र चीनमा एकदेखि २० लाखमा पाइने सवारीसाधन यहाँ अटो शोरुमहरूले तीन लाखदेखि २४ करोडसम्ममा बेचे ।

बैंक, वित्तीय संस्था आफैंले १०० रूपैयाँ प्रतिकित्तामा निष्कासन गरेको सेयरमा यिनै संस्थाले प्रतिकित्तामै २८ सयसम्म कर्जा प्रवाह गरे । सुन वि.सं. २०२२ सालसम्म प्रतितोला ८० रूपैयाँ थियो भन्नेहरू अझै पनि छन् । तर, त्यही सुन केही महिनाअघि पौने चार लाखमा बेचबिखन भयो । चाँदी पनि उस्तै । सर्वसाधारण होस् या वित्तीय संस्थाले अन्धो भई यी क्षेत्रमा लगानी गरे ।

तर, उनीहरूले बिर्सिए कि यी वस्तु विलासिताका हुन् । जसको मूल्य कृत्रिमरूपमा बढाइएको हो । यिनै विलासिताका वस्तुमा गरिएको लगानीका कारण मुलुक ग्रे लिस्टमा पऱ्यो नै सँगै अर्थतन्त्र कोमामा छ । घरजग्गा, गाडी, सेयर र सुन कालोधन लुकाउने माध्यम बनिआएको छ । सरकारी कर्मचारी, राजनीतिक दलका नेता, व्यापारी, व्यवसायीहरूले भ्रष्टाचार वा राजस्व गरेर गैरकानुनी रूपमा कमाएको पैसा यी क्षेत्रमा लगानी गरे । जसले गर्दा मुलुक सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी ग्रे लिस्टमा पऱ्यो । तर, हाम्रा अर्थमन्त्री स्वर्णिम वाग्लेज्यू यो कुरा बुझ्दैनन् कि, उनको क्षमताले नभ्याएको हो कि बेवास्ता गरेका हुन् ? प्रश्न उठेको छ । नभए आफूलाई अर्थविद् दाबी गर्ने वाग्ले अर्थमन्त्री भएको एक महिना बित्दासमेत अर्थतन्त्रमा सकारात्मक प्रभाव किन देखिएको छैन ।

किन घरजग्गा, गाडी, सेयर र सुनमा उनले कडाइ गरेका छैनन् ? राजस्व उठाउनतर्फ किन सक्रिय भइरहेका छैनन् ? किन मुलुकलाई ग्रे लिस्टबाट हटाउनतर्फ अर्थमन्त्री वाग्ले अग्रसर देखिँदैनन् ? जसरी प्रधानमन्त्री शाहले एक महिनाभित्र सुकुम्बासी हटाएर देखाए, त्यसरी अर्थमन्त्री वाग्लेले किन काम गरिरहेका छैनन् । यदि उनीसँग काम गर्ने क्षमता नभएको हो भने तत्काल हटाई क्षमतावान् व्यक्तिलाई अर्थमन्त्री बनाउनुपर्छ ।

किनकि एउटा असक्षम व्यक्तिका कारण समग्र मुलुक र जनताले त्यसको असर भोग्नुहुन्न । यदि अर्थमन्त्री वाग्लेसँग क्षमता छ भने उनले घरजग्गा, गाडी, सेयर र सुनमा कडाइ गर्नुपर्छ । कस्ता रकम यो क्षेत्रमा लगानी गरिएको छ ? खोजतलास गर्नुपर्छ । राजस्वका स्रोत खोज्नुपर्छ । त्यसका निम्ति घरबहाल करमा कडाइदेखि यातायात क्षेत्रमा रहेको सिण्डिकेट तोड्नुपर्छ । सरकारी खर्च कटौती गर्नुपर्छ ।

त्यसका निम्ति अनावश्यक कर्मचारी हटाउनेदेखि स्थायी कर्मचारी र जनप्रतिनिधिको पनि तलबभत्ता, सेवा सुविधामा कटौती गर्नुपर्छ । साथै, सामाजिक सुरक्षाभत्ता, पेन्सनलगायतको व्यवस्था पनि हटाउनुपर्छ । नभए जसलाई भत्ताको आवश्यकता छ, उसलाई मात्र दिने व्यवस्था गरिनुपर्छ । अर्थमन्त्री वाग्ले अहिले पनि नतातिने हो भने मुलुक गम्भीर संकटतर्फ धकेलिने छ । त्यसैले, उनले धमाधम काम गर्नुपऱ्यो, गफ होइन ।

पद सम्हालेको एक महिना बितिसक्दासमेत अर्थमन्त्रीले एउटै स्मरण र तारिफलायक काम गरेका छैनन् । उल्टै मुलुकमा आर्थिक संकट रहिरहँदा कर्मचारीलाई १५-१५ दिनमा तलब खुवाउने निर्णय गरेका छन् । देश र जनताको हित हुने निर्णय गर्नुभन्दा पनि उनी कर्मचारी पोस्नतर्फ लागेको देखिन्छन् । त्यसैले, अब प्रधानमन्त्री शाहले अर्थमन्त्री वाग्लेलाई कडा निर्देशन दिनुपर्छ । काम गर्न नसक्ने हो भने बर्खास्त गर्नुपर्छ ।

किनकि, अर्थमन्त्रीका कारण भोलि मुलुक कालोसूचीमा परे त्यसको जिम्मेवारी कसले लिन्छ ? पक्कै पनि वाग्ले त लिने छैनन् । यसैले, प्रधानमन्त्री शाह अहिले चनाखो नभए ठूलो संकट आउनसक्छ ।

- **रूषा थापा**, भक्तपुर



**माटाका डेहरी** | बर्दिया मधुवन नगरपालिका–१, पत्थरबोझीमा परम्परागतरूपमा बनाइएका माटाका डेहरी । थारु समुदायमा अन्न भण्डारणका लागि प्रयोग गरिने यी डेहरीहरू कलात्मक हुनुका साथै खाद्यान्न सुरक्षित राख्न उपयोगी मानिन्छ । *तस्बिरः रासस*

# बाँकेमा १५६ विभिन्न वन्यजन्तुको उद्धार

**बाँके (प्रस)–** बाँकेमा आर्थिक वर्ष २०८२/८३ को अहिलेसम्म १५६ वटा विभिन्न वन्यजन्तुको उद्धार गरिएको छ । जैविक मार्ग आसपासमा बढेको बस्ती र गर्मी मौसममा पानीको खोजीमा भौतारिँदै हिँडेका वन्यजन्तुको उद्धार गरिएको डिभिजन वन कार्यालय बाँकेका वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जानकारी दिए ।

उनले विगतका वर्षभन्दा चालु आवमा विभिन्न वन्यजन्तुको उद्धार गर्ने कार्यमा वृद्धि हुँदै गएको उल्लेख गर्दै चित्तल, नीलगाईजस्ता वन्यजन्तु जैविक मार्ग क्षेत्र आसपास पानी खोज्दै हिँडेकाले र पुरानो बस्ती भएको क्षेत्र पुरानो जंगल क्षेत्रमा सर्प भएकाले पनि उद्धार गरिएको बताए । 'पछिल्लो समय सर्प मार्नु हुँदैन भन्ने चेतनाको विकास भएको छ, यो असाध्यै सकारात्मक विषय हो,' उनले भने ।

आव २०८१/८२ मा वन कार्यालयले विभिन्न प्रजातिका १३८ वटा वन्यजन्तुको उद्धार गरेको थियो । त्यसैगरी आव २०८०/८१ मा ९९, आव २०७९/८० मा ४२, आव २०७८/७९ मा ३१, आव २०७७/७८ मा ३४ र आव २०७६/७७ मा १७ वटा वन्यजन्तुको उद्धार भएको डिभिजन वन कार्यालयले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । यसले हरेक वर्ष उद्धार गरिने वन्यजन्तुको संख्यामा उल्लेख्य वृद्धि हुँदै गएको देखिएको छ ।

चालु आवको हालसम्म घाइते, टुहुरा, बाटो बिराई गाउँबस्तीमा प्रवेश गरेका तथा संकटमा परेका विभिन्न प्रजातिका १५६ वटा वन्यजन्तुको उद्धार गरिएको डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत सुवेदीले बताए ।

जिल्लाका नेपालगञ्ज, कोहलपुर, खजुरालगायत स्थानबाट चित्तल, धामन, हुचिल, करेत, गोमन, सुनगोहोरो, गोही, पानीसर्प, राजगोमन, अजिंगर, बँदेल, नीलगाई, रसेल भाइपर तथा कालो बिरालोलगायत वन्यजन्तुको उद्धार गरिएको वरिष्ठ वन अधिकृत सुवेदीले जानकारी दिए । उनका अनुसार सबैभन्दा बढी सर्प प्रजातिको उद्धार गरिएको छ । विभिन्न प्रजातिका १३४ वटा सर्पका उद्धार भएको हो ।

# देवघाटका गुरुकूल शिक्षामा विद्यार्थीको आकर्षण

**दमौली (तनहुँ)–** तनहुँको देवघाट गाउँपालिकामा सञ्चालित गुरुकुलमा विद्यार्थीको आकर्षण बढेको छ । यहाँ रहेका विभिन्न गुरुकूलमा अध्ययनका लागि विद्यार्थीको आकर्षण बढेको हो ।

देवघाट गाउँपालिका-५ स्थित श्रीहरिहर सन्यास आश्रमले सञ्चालन गरेको परमानन्द संस्कृत गुरुकूल विद्यापीठमा ३० जनाका लागि भर्ना खुलाउँदा १८९ जनाले प्रवेश परीक्षाका लागि फाराम भरेका छन् । विद्यापीठमा प्रवेश परीक्षामार्फत ३० जना विद्यार्थी छनोट गरिएको सहायक प्राचार्य कृष्णदेव पाण्डेले जानकारी दिए ।

पछिल्ला वर्षहरूमा संस्कृत शिक्षा वा गुरुकूल शिक्षामा अभिभावक तथा विद्यार्थीको आकर्षण बढ्न थालेको उनको भनाइ छ । देवघाटका गुरुकूलहरू देशमै ख्यातिप्राप्त रहेको कारण देशका अन्य गुरुकूलभन्दा देवघाटका गुरुकूलमा विद्यार्थीको आकर्षण बढ्ने गरेको उनले बताए ।

विगतमा संस्कृत अध्ययनका लागि भारतको बनारस र बृन्दावन जाने प्रचलन थियो । भारतमा संस्कृतको उच्च शिक्षा लिने र नेपाल फर्केर पुराणलगायतका धार्मिक अनुष्ठानको नेतृत्व गर्ने कुरा अहिले पनि सामान्य लाग्छ । तर, समयको परिवर्तनसँगै नेपालमा संस्कृत पढ्न भारतबाट बटुकहरू आउन थालेको उनले उल्लेख गरे ।

सोही वडास्थित महेश संस्कृत गुरुकूलले ३२ जना विद्यार्थीका लागि आवेदन खुलाउँदा २५० भन्दा बढी प्रवेश परीक्षामा सहभागी भएका छन् । देवघाटमा रहेका तीनवटा गुरुकूलले कक्षा ६ मा प्रत्येक वर्ष २५ देखि बढीमा ३५ जनासम्म विद्यार्थी भर्ना गर्ने गरेको छ । केही वर्षयता गुरुकूलमै बसेर संस्कृत पढ्न चाहनेहरूको संख्या बढिरहेको महेश संस्कृत गुरुकूलका प्रधानाचार्य फणिन्द्रप्रसाद पौडेलले बताए । उक्त गुरुकूलले प्रत्येक शैक्षिक सत्रमा बढीमा ३२ जनामात्र विद्यार्थी भर्ना गर्ने गरेको छ ।



खान, बस्न र पढ्न कुनै शुल्क नलाग्ने भएकाले अभिभावकहरूको रोजाइ गुरुकूल हुने गरेको छ । त्यसबाहेक संस्कृत भाषा र हिन्दू धर्मप्रतिको बढ्दो आकर्षणले विद्यार्थीहरू गुरुकुल आउने पौडेलको भनाइ छ । देवघाटमा सञ्चालित सबै गुरुकूलहरू दाताको भरमा नै सञ्चालन हुँदै आएका छन् । राष्ट्रियता तथा विश्वबन्धुत्वको भावना विकास गर्नका लागि सनातन धर्म, संस्कार र आर्य संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा संस्कृत शिक्षाको आवश्यकतालाई मध्यनजर गरी संस्कृत ज्ञान विज्ञानको प्रचारप्रसार गर्ने उद्देश्यले तीन गुरुकूलहरू सञ्चालित छन् ।

गुरुकूलहरूले बटुकलाई सनातन धर्म, संस्कार र संस्कृतिका बारेमा ज्ञान दिँदै आएका छन् । देवघाटमा बटुकका लागि महेश सन्यास आश्रमद्वारा सञ्चालित महेश संस्कृत गुरुकूल, गलेश्वर आश्रमले सञ्चालन गरेको वेद वेदांग संस्कृत गुरुकूल, हरिहर आश्रमले सञ्चालन गरेको परमानन्द संस्कृत गुरुकूल र बालिकाहरूका लागि माताजीले सञ्चालन गरेको माँ कल्याणी बैदिक कन्या गुरुकूल सञ्चालनमा छन् ।

देवघाटमा सञ्चालित सबै गुरुकूलमा करिब ७०० बटुक अध्ययनरत छन् । प्रत्येक गुरुकूलमा करिब २२५ देखि ७५ सम्म बटुक अध्ययनरत छन् । महेश संस्कृत गुरुकूलमा शास्त्री र आचार्य (स्नातक र स्नातकोत्तर) पढाइ भइरहेको छ । परमानन्द संस्कृत गुरुकूलमा आचार्यसम्मको पठनपाठन सुरु गरिएको छ । त्यस्तै वेद वेदांगमा शास्त्री तहसम्मको पढाइ हुन्छ । ती सबै गुरुकूलले राष्ट्रिय परीक्षा बोर्डबाट सम्बन्धन प्राप्त गरी परीक्षामा सहभागी गराउँदै आएका छन् । शास्त्री तथा आचार्य तहका लागि नेपाल संस्कृत विश्वविद्यालय दाङबाट सम्बन्धन प्राप्त गरी अध्यापन भइरहेको छ । *रासस*

# हराउन थाले घुम्ती गोठमा भैँसी पाल्ने चलन



**म्याग्दी–** धवलागिरि गाउँपालिका-४ खाम्लाका ७४ वर्षीय पूर्णबहादुर जैसीले ५७ वर्षदेखि गर्दै घुम्ती गोठमा गर्दै आएको भैँसीपालन यसपालि छाडे ।

१८ वर्षको उमेरदेखि जंगलमा घुम्ती गोठमा भैँसी पालेर जीविकोपार्जन गर्दै आएका पूर्णबहादुरले बढ्दो बुढ्यौलीसँगै भैँसी बेचेर घरमै बस्न थालेका हुन् । 'भारतीय गोर्खा सैनिकमा भर्ती हुनका लागि छनोट भएर पनि अभिभावकको आग्रह नकार्न नसकेर भैँसी पाल्न जंगल पसेको थिएँ,' पूर्णबहादुरले भने, 'बढ्दो उमेरसँगै स्वास्थ्यमा समस्या देखिन थालेपछि गोठ बस्न नसक्ने भएकाले भैँसी बेचेर घरमै बस्न थालेको छु ।'

पूर्णबहादुरले भैँसी, राँगा र घिउ बेचेर एक छोरा र तीन छोरी हुर्काएका, उच्च शिक्षा दिलाएका, घरव्यवहार चलाएको र गाउँमै खेतबारी जोडेका सुनाए । 'एउटा भैँसीबाट सुरु गरेको घुम्ती गोठमा भैँसीको संख्या ३६ वटासम्म पुग्यो,' उनले भने, 'राँगा, भैँसी र घिउ बेचेरै घरव्यवहार चलाएको हो ।'

नयाँ पुस्ता वैदेशिक रोजगारीमा आकर्षित हुँदा जीविकोपार्जन, स्वरोजगार र आयआर्जनको सम्भावना भए पनि दुःख गर्नुपर्ने भएका कारण घुम्ती गोठमा भैँसीपालन गर्ने चलन हराउन थालेको पूर्णबहादुरले बताए । धवलागिरि गाउँपालिका-४ बगरका ८० वर्षीय कीर्तबहादुर घर्तीमगरले ६४ वर्षसम्म घुम्ती गोठमा भैँसीपालन गरे । स्वास्थ्यमा समस्या देखिएपछि कीर्तबहादुरले आठ वर्षको बाल्यकालको उमेरदेखि सुरु गरेको घुम्ती गोठमा भैँसीपालन गर्ने पेसालाई बिट मारेको १० वर्ष भएको छ ।

'मेरो बाल्यकालमा गाईभैँसीको गोठ नहुने घरै हुँदैनथे,' कीर्तबहादुरले भने, 'अहिले भएका दुई-चारवटा गोठ पनि हामी वृद्धहरूले छाडेपछि हराउने अवस्था छ ।' केही दिनअघि समुद्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको दोभानस्थित घुम्ती गोठमा भेटिएका कीर्तबहादुरले घुम्तीगोठका अनुभवहरू खुलेर सुनाए ।

'अहिले विदेशमा गएको जस्तै हो त्यसबेला गोठमा जानु भनेको,' उनले सम्झे, 'झरीबादल नभनी लेक र बैँसीका भिरपहरा, जंगलमा गोठ सार्ने हामीहरू हिउँदमा गाउँ नजिकको खेतबारीमा आउँदा घरपरिवारसँग भेट हुन्थ्यो । बर्खामा तीन-चार महिना कसैसँग सम्पर्क हुँदैनथ्यो ।'

खाम्ला, खारा, बगर, जेल्तुङ, नाउरा, चौरवन, कुनावन, मचनी, दवदवे, मैरेवन, भैँसीखर्क, जिरवाङलगायत चरन क्षेत्रहरूमा भैँसीको घुम्ती गोठ लैजाने चलन थियो । पोषिलो घाँस पाइने भएकाले भैँसी पाँच हजार मिटर उचाइका बुकीमा चरनका लागि आफैं पुग्ने गरेको अनुभव पूर्णबहादुर र कीर्तबहादुरले सुनाए ।

२० वटाको हाराहारीमा भैँसी पाल्दा वार्षिक १० देखि १५ वटासम्म राँगाभैँसी र २०० लिटरको हाराहारीमा घिउ बिक्री हुने गरेको थियो । यस क्षेत्रका किसानले पाल्दै आएको लिमे र पारकोटे जातको भैँसीको आनुवांशिक स्रोत घुम्ती गोठसँगै लोप हुने खतरा बढेको छ ।

धवलागिरि गाउँपालिकाका पशु सेवा शाखाकी प्रमुख चन्द्रकला दाहालका अनुसार वडा नं ४ मा हाल भैँसीको संख्या ४३६ वटा रहेको छ । पशुमा पूर्णखोप कार्यक्रमका क्रममा वार्षिकरूपमा लिने तथ्यांकअनुसार गाईभैँसीको संख्या घट्दो क्रममा रहेको उनले बताइन् । परम्परागत हिसाबले घुम्ती गोठमा पशुपालन गर्दै आएका किसानले फार्म दर्ता र पशु बिमा नगरेका कारण विभिन्न महामारी रोगविरुद्धको खोप उपलब्ध गराए पनि अनुदानका कार्यक्रममा समेट्न समस्या भएको उनको भनाइ छ ।

धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले घुम्ती गोठलाई आधुनिक र व्यवस्थित गर्न किसानसँग छलफल गरेर उनीहरूको आवश्यकताअनुसारका कार्यक्रम बनाएर समेट्ने प्रयास गरिएको जानकारी दिए । घुम्ती गोठका लागि त्रिपाल, सोलारलगायत सामग्री उपलब्ध गराएको बताउँदै उनले फरक ढंगले घुम्ती गोठलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकेमा रोजगारी सिर्जना र आयआर्जन वृद्धिको सम्भावना रहेको बताए । *रासस*


## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०६८/१२/२४ गते **नेशनल इन्स्टिच्युट अफ पब्लिक स्पिकिङ प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. ९२२२७ कम्पनीको मिति २०८३/०१/१६ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना

यस कार्यालयमा मितिः २०७९/०६/२८ मा दर्ता भएको प्रा.लि.नं. ३००७४६ को **शु मिथिला पोलिक्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६४।११।०८ मा दर्ता भएको प्रा.लि.नं. ५१८१५ को **प्रणय विजिनेश प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०१/१७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान ६० को ६४४.६८ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**जनप्रिय सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ६, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०१/१७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भएको साल जातको गोलिया थान ५२ को ६१४.४९ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**सल्लेडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ६, मकवानपुर**

## साउदीमा रोजगार

कम्पनी : EMDAD HUMAN RESOURCES FOR RECRUITMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341201 | चलानी नं. ६०२५४५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 12 | 0 | 1000 | ४०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

## साउदीमा रोजगार

कम्पनी : DAR AL MAJD CONSTRUCTION COMPANY
पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 338115 | चलानी नं. ६०२५१६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ४०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ३७३७११/०८२/०८३
Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np

## कुवेत/कतारमा रोजगार

कम्पनी : AL DAR MANDI RESTAURANT COMPANY — For Contact : 9821471642
पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 337056 | चलानी नं. ६०२५०६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 4 | 0 | 150 | ७३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper-Skilled | 5 | 0 | 110 | ५४,०२० | | | | | | | |

कम्पनी : EASY JET DELIVERY CONSUMER ORDER — For Contact : 9821471642
पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 329214 | चलानी नं. ६०२४३०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 40 | 0 | 140 | ६८,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL ARBIYA TRADING
पूर्व स्वीकृति मिति : २०८२/०९/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 335166 | चलानी नं. ६०२४८९६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 9 | 1400 | ५८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | 1700 | ७०,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

## कुवेतमा रोजगार

कम्पनी : NUTREEZE RESTAURANT CO.
पूर्व स्वीकृति मिति : २०८२/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 333636 | चलानी नं. ६०२४७३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 2 | 0 | 150 | ७३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Photographer | 2 | 0 | 300 | १४७,३३० | | | | | | | |
| 3 | waiter/waitress | 5 | 4 | 150 | ७३,६६५ | | | | | | | |
| 4 | Cleaners (Indoor) | 2 | 0 | 150 | ७३,६६५ | | | | | | | |
| 5 | Chef de Partie | 3 | 0 | 230 | ११२,९९५ | | | | | | | |
| 6 | ASSISTANT CHEF (ASST. COOK) | 8 | 0 | 150 | ७३,६६५ | | | | | | | |
| 7 | ACCOUNTANT CLERK | 2 | 0 | 200 | ९८,२२० | | | | | | | |

कम्पनी : RASHA ALHANDAL LADIES BEAUTY SALON CO.
पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 338021 | चलानी नं. ६०२५१५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 0 | 10 | 100 | ४९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure/pedicure | 0 | 7 | 150 | ७३,६६५ | | | | | | | |
| 3 | Photographer | 0 | 2 | 200 | ९८,२२० | | | | | | | |
| 4 | Receptionist | 0 | 5 | 150 | ७३,६६५ | | | | | | | |

कम्पनी : DAME LOUNGE LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 316463 | चलानी नं.६०२३०७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician Manicurist/pedicurist | 0 | 2 | 150 | ७३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Female Nail Artist | 0 | 2 | 150 | ७३,६६५ | | | | | | | |
| 3 | Hair Dresser | 0 | 2 | 150 | ७३,६६५ | | | | | | | |
| 4 | Hair Stylist -female | 0 | 2 | 150 | ७३,६६५ | | | | | | | |
| 5 | Manicurist | 0 | 2 | 150 | ७३,६६५ | | | | | | | |
| 6 | Nail Technicians | 0 | 2 | 150 | ७३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


# प्रभाव दैनिक

बिहीबार, १७ वैशाख २०८३ (Thursday, 30 April 2026)


रूपशाला

## श्रद्धाको निर्देशनमा 'काउकुती' बनाउँदै रेखा

अभिनेत्री रेखा थापाले नयाँ फिल्म 'काउकुती' निर्माण गर्ने भएकी छिन् । रेखा ब्यानरको आठौं फिल्मका रूपमा बन्ने काउकुतीको श्रद्धा प्रसाईंले निर्देशन गर्दैछिन् । श्रद्धा पछिल्लो समयको चर्चित कमेडी शो 'कमेडी दरबार'की निर्देशक हुन् । साथै श्रद्धाले पछिल्लो समय 'ककाकिकी' फिल्म समेत निर्देशन गरिसकेकी छिन्, त्यो फिल्म रिलिज हुन बाँकी छ । फिल्ममा रेखाको मुख्य अभिनय रहनेछ भने मुख्य अभिनेतामा नवअभिनेतालाई भित्राउने तयारी गरिएको छ । फिल्ममा विक्की अग्रवाल र विनेश राईको कथा छ भने पटकथा विनेश स्वयंले तयार पारेका छन् । फिल्ममा नवराज श्रेष्ठ र बलराम शाही ठकुरीको लगानी रहनेछ ।




# सौगातको 'बब डाईमा कुशलको गीत

■ प्रभाव संवाददाता



**काठमाडौं–** पोस्ट प्रोडक्सनमा रहेको फिल्म 'बब डाई'का लागी गायक कुशल पोखेलले गीत गाएका छन् । गीतको भिडियोको छायांकन सकिएको छ । गएको सोमबार र मंगलबार ललितपुरको भैंसेपाटीमा भिडियोको छायांकन गरिएको थियो ।

केहि समयपछि सार्वजनिक गर्ने तयारी गरिएको भिडियोमा चलचित्रका सबैजसो कलाकार अटाएका छन् । तर फिल्मका मुख्य कलाकार सौगात मल्लको दृश्यहरू भने केहिदिनमा छायांकन गर्ने गरि बाँकी राखिएको छ । गीतमा शब्द पनि गायक कुशलकै रहेको छ भने बेश चर्चिल भुसालको रहेको छ । मिक्सिङ र मास्टरिङको काम केपासले गरेका छन् । गायक कुशल तिनै गायक हुन् जसको डेढ वर्ष अघि सार्वजनिक 'पैसा' गीत निकै चर्चामा आएको थियो । कुशलले 'बब डाई'मा अभिनय समेत गरेका छन् । उनको यो अभिनयको हिसाबले डेब्यु फिल्म रहनेछ । गीत भने अन्य फिल्महरूमा पनि गाइसकेका छन् ।

रोटेपिंग इन्टरटेन्मेन्टको प्रस्तुति र श्रीराम बालाजी फिल्मस्को सहकार्यमा निर्मित 'बब डाई' कमेडी जनरामा आधारित छ । फिल्ममा सौगात मल्ल र सिम्रन पन्तको मुख्य भूमिका छ । सौगातले फिल्ममा 'बब डाई' को शीर्ष भूमिका निर्वाह गरेका छन् । नेवारी लवजमा 'दाई' लाई 'डाई' भनिने भएकाले चलचित्रको नाम 'बब डाई' राखिएको फिल्मका निर्देशक प्रवीण श्रेष्ठ बताउँछन् ।

चलचित्रमा सौगात र सिम्रनका साथै सन्तोष पन्त, विशाल पहाडी, प्रमोद अग्रहरी, कामेश्वर चौरासिया, कुशल पोखरेल, यमन श्रेष्ठ, कृष्णभक्त महर्जन, गीता अधिकारी, भिन्तुना जोशी लगायतका कलाकारहरूको अभिनय रहेको छ । बालकलाकारका रूपमा अग्रिम पण्डित देखिनेछन् ।

मनिषा गौचन र प्रबिन श्रेष्ठको कथा रहेको यस चलचित्रको सम्पादन स्वयम् निर्देशक श्रेष्ठले नै गर्दैछन् । श्याम तामाङ र टोलीले खिचेको यस चलचित्रमा दिनेश बहादुर राउत एसोसिएट निर्देशक र तर्कराज न्यौपाने मुख्य सहायक निर्देशकका रूपमा रहेका छन् । राजेश घिमिरे, रोशन भट्टराई र सुनिल मानन्धर निर्माता रहेको यस चलचित्रका कार्यकारी निर्माता रविन्द्र प्रजापती हुन् । फिल्मको रिलिज २०८३ मै हुने तर मिति केही समयमै घोषणा गरिने बताइएको छ ।

# २२ दिनमै सकियो 'पार्वती'को सुटिङ

■ प्रभाव संवाददाता



**काठमाडौं–** नीता ढुंगाना फिल्मस्को व्यानरमा निर्माण भएको फिल्म 'पार्वती'को छायांकन सकिएको छ । निर्माण पक्षले २२ दिनमा फिल्मको सुटिङ सकिएको जानकारी दिएको हो ।

गत चैत २४ गते मंगलबार कास्कीको माछापुच्छे गाउँपालिकाको मिर्सा गाउँ वडा नम्बर १ मा फिल्मको शुभमुर्हूत गर्दै छायाँकन थालिएको थियो । यस फिल्मलाई अभिनेत्री तथा निर्मात्री नीता ढुंगानाले निर्देशन गरेकी हुन् । उनको निर्देशकिय र फिल्मका कलाकारहरूको सक्रियतामा एक महिनाको समयसीमा राखी छायांकन सुरु गरिएकोमा ८ दिन अगावै सुटिङ सकिएको हो । फिल्मको मुख्यभुमिकामा निर्देशक आफैले अभिनय गरेकी छन् । नीताका अलवा फिल्ममा दीपाश्री निरौला, अशोक दर्जी, सिरु बिष्ट, राधिका कँडेल, राज पंगेनी शर्मा, राजेन्द्र नेपाली, आशा पौडेल लगायतले अभिनय गरेका छन् । यस फिल्ममा निर्देशक ढुंगानाकै कथा तथा पटकथा रहेको छ भने यस फिल्मको स्क्रिप्ट शिवम् अधिकारीले लेखेका हुन् । सुदिप बरालको डिओपी रहेको यस फिल्ममा सरोज अधिकारी क्रियटिभ निर्देशक रहेका छन् । सरोज कार्टुन क्रुका डान्सर तथा निर्देशक हुन् । म्युजिक भिडियोमा निकै चर्चामा रहेका उनी पहिलो पटक यस फिल्ममा क्रियटिभ निर्देशकका रूपमा काम गर्न लागेका हुन् ।

यस फिल्ममा प्रोडक्सन म्यानेजर र कार्यकारी निर्माता शंकर पाण्डे छन् । साथै निर्मातामा हरिहर अधिकारी छन् । फिल्मको सम्पादन साहिल खानको रहने छ भने यस फिल्मको पोस्टर डिजाइन् रोयल भिमसेनको छ । आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउने निर्माण पक्षले जानकारी दिइसकेको छ । त्यस कारण पनि यो फिल्मको काम फटाफट भएको हो ।

## रंगशाला

### आइसिसी विश्वकप क्रिकेट लिग-२

# वर्षाले प्रभावित खेलमा ओमानसँग नेपाल पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत बुधबार भएको खेलमा नेपाल ओमानसँग पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको खेलमा नेपाल १०२ रनले पराजित भएको हो । जितका लागि ३०६ रनको लक्ष्य पछ्याएको नेपाल ३६ दशमलव ५ ओभरमा सात विकेट गुमाएर १५५ रन बनाउँदा वर्षा भएपछि खेल रोकिन पुगेको थियो । त्यसपछि पनि वर्षा नरोकिएपछि खेल सञ्चालन हुन सकेन र 'डिएल मेथड'का आधारमा ओमान विजयी भएको हो ।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ६० रनको योगदान दिए । उनले ६२ बलमा सात चौका र एक छक्का प्रहार गर्दै ६० रनको योगदान दिएका हुन् । त्यसैगरी भीम सार्कीले २८, आसिफ शेखले १९ रनको योगदान दिए भने आरिफ शेख र गुल्सन झाले समान १४/१४ रन जोडे । कप्तान रोहित पौडेलले १० रनमा आउट भए ।

बलिङतर्फ ओमानका नदिम खानले तीन विकेट लिँदा शाकिल अहमदले दुई विकेट लिए । त्यसअघि टस जितेर जितेर पहिले ब्याटिङ रोजेको ओमानले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै ३०५ रनको योगफल बनाएको थियो ।

ओमानको इनिङ्सका जतिन्दर सिंहले आक्रामक शैलीमा ९६ बलमा १५ चौका र ५ छक्का प्रहार गर्दै १३० रनको शानदार शतक पूरा गरे । उनीसँगै मध्यमक्रममा जितेन रमणन्दीले ४३ रन बनाए भने आर्यन विष्टले ३५ रन जोडे । त्यस्तै हमाद मिर्जा ले ३० रन जोड्दा आशिष ओडेदाराले २३ रन बनाए । अन्तिम ओभरहरूमा विनायक शुक्लाले २३ रन थपे भने वसिम अली १२ रनमा अविजित रहे ।

बलिङतर्फ नेपालका सोमपाल कामीले ९ ओभरमा ५९ रन खर्चेर ४ विकेट लिए । सन्दीप लामिछाने र दीपेन्द्र सिंह ऐरीले समान २/२ विकेट हात पारे । नेपाल, युएई र ओमानबीचको एकदिवसीय शृफ्लाअन्तर्गत नेपालको यो आज दोस्रो खेल हो । यसअघि भएको पहिलो खेलमा भने नेपालले युएईलाई हराएको थियो । अब नेपालले यही वैशाख १८ गते युएईसँग खेल्नेछ ।

### पोखरा स्पोर्ट्स अवार्ड:

# नौ विधामा प्रदान गरिँदै

**कास्की (प्रस)–** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा आगामी वैशाख ३१ गते दशौं संस्करणको पोखरा स्पोर्टस् अवार्ड हुने भएको छ । मञ्चले बुधबार पोखरामा पत्रकार सम्मेलन आयोजना गरी गण्डकी प्रदेशका खेलकुद क्षेत्रका उत्कृष्ट प्रतिभालाई सम्मान गर्ने उद्देश्यसहित आयोजना हुँदै आएको अवार्डको तयारी अघि बढाइएको जनाएको हो । मञ्चका अध्यक्ष एमवि आस्था मगरले यस वर्ष नौ विधामा अवार्ड प्रदान गरिने बताए । मञ्चले खेलाडीहरूको मनोबल उच्च राख्न र खेलकुद क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याउन यस्तो अवार्ड कार्यक्रमलाई निरन्तरता दिइएको जनाएको छ ।

स्पोर्टस् अवार्डमा वर्ष खेलाडी (पुरुष र महिला), पिपुल्स च्वाइस अवार्ड, लाइफ टाइम अचिभमेन्ट अवार्ड, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल सङ्घ/संस्था वा क्लब, स्पेशल अवार्ड र उत्कृष्ट खेल पत्रकार अवार्ड समावेश छन् । वर्ष उत्कृष्ट खेलाडी महिला र पुरुषले एक/एक थान स्कुटर पुरस्कार पाउनेछन् । 'पोखरा स्पोर्टस् अवार्ड गण्डकी प्रदेशकै ब्राण्ड बनेको छ । खेलकुद क्षेत्रको विकासमा योगदान गर्नेहरूलाई अझ बढी उत्प्रेरित र प्रोत्साहित गर्नका लागि कार्यक्रमले योगदान पुग्नेछ,' अध्यक्ष मगरले भने ।

यसैगरी यसपटक 'पिपुल्स च्वाइस' र 'स्पेशल अवार्ड'थप गरिएको मञ्चले जनाएको छ । 'पिपुल्स च्वाइस अवार्डका लागि पाँच जना खेलाडीहरूको मनोनयन सार्वजनिक भई भोटिङ प्रक्रिया समेत जारी रहेको छ ।

यस विधामा मनोनयनमा पर्ने खेलाडीहरूमा फुटबलका दीप कार्की, एथलेटिक्सकी नारायणी भण्डारी, भलिबलका राजन दर्लामी, क्रिकेटका विपिन खत्री र मुवाथाई/आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा रहेका छन् । विगत एक वर्षभरिको प्रदर्शनका आधारमा मनोनयनमा परेका खेलाडीहरूबीच 'पिपल्स च्वाइस अवार्ड' का लागि प्रतिस्पर्धा हुनेछ । मञ्चका अनुसार यसको विजेता अनलाइन भोटिङमार्फत घोषणा गरिनेछ । जसका लागि खल्ती एपमार्फत देश तथा विदेशमा रहेकाहरूले भोट गर्न पाउने छन् ।


**युएईमा रोजगार** — कम्पनी : Al Handasa Al Aspania General Contracting

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 318394 | चलानी नं. ६०२३२५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 29 | 0 | 1000 | ४१,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FC — श्रम इजाजत नं. १५८९/०७९/०८०

Friendship And Cooperation Recruitment Pvt.Ltd

Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647

E-mail: fcmanpower1589@gmail.com

**मलेसियामा रोजगार** — कम्पनी : JULIE'S MANUFACTURING SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 336918 | चलानी नं. ६०२५०५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 32 | 0 | 1700 | ६५,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



ROSE — Govt. License 147/056/057

ROSE OVERSEAS PVT. LTD.

Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874

E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

**साउदीमा रोजगार** — कम्पनी : NAHDI TRANSPORT LOGISTICS SOLUTIONS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 338068 | चलानी नं. ६०२५१५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver- (Truck Driver) | 20 | 0 | 1800 | ७२,५३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Synnet International Pvt. Ltd. — Licence No.: 206/057/058

SYNNET INTERNATIONAL PVT.LTD.

Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817

E-mail : info@synnetinternational.com, Web: synnetinternational.com

ISO 9001: 2008 Certified Company — Certified No. 70902

**कुवेतमा रोजगार** — कम्पनी : FESHTUCKY BAKERY & OVEN RESTURANT CO.

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 333560 | चलानी नं. ६०२४७२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 5 | 0 | 100 | ४९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



SPACE — श्रम ईजाजत नं. १५७१/०७९/०८०

SPACE HR SOLUTIONS PVT.LTD

Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558

E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

**साउदीमा रोजगार** — कम्पनी : EASTERN ITQAN EQUIPMENT RENTAL ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341178 | चलानी नं. ६०२५४५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ७२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TACTIC AL ARABIA GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341179 | चलानी नं. ६०२५४५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 1 | 0 | 2500 | १००,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Labouers | 12 | 0 | 1000 | ४०,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



RELIANCE — श्रम इजाजत नं. ९७१/०६७/०६८

Reliance Recruitment Services Pvt. Ltd.

Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel : 01-4519528, Mobile No : +977 9823034287 (Sarita Ghale)

Email: manager@relianceservice.com.np, Website: www.relianceservice.com.np

**युएईमा रोजगार** — कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 326399 | चलानी नं. ६०२४०२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer / Building worker | 26 | 0 | 800 | ३२,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 334310 | चलानी नं. ६०२४७८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A/C Technician | 10 | 0 | 1500 | ६१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 8 | 0 | 1500 | ६१,७४० | | | | | | | |
| 3. | Electrician | 4 | 0 | 1500 | ६१,७४० | | | | | | | |
| 4. | Labour | 48 | 0 | 1000 | ४१,१६० | | | | | | | |
| 5. | Mason For Plaster ./ Block | 1 | 0 | 1500 | ६१,७४० | | | | | | | |
| 6. | STEEL FIXER | 6 | 0 | 1500 | ६१,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



RAJ GROUP

Raj Group Of Company Pvt.Ltd.

Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सूचना प्रकाशित मिति: २०८३/०१/१७

**श्री क्यार सिं गुरुङकी** छोरी, **श्री कृष्ण बहादुर भुजेलकी** छोराबुहारी, **श्री तिलक बहादुर भुजेलकी** पत्नी **बागमती प्रदेश, मकवानपुर** जिल्ला **थाहा न.पा** वडा नं. ४ बस्ने **श्रीमती हिरा कुमारी भन्ने हित कुमारी भुजेलले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०१८४७** संचालन गर्दै आउनु भएकोमा मिति **२०८१/०५/०६** मा निज खातावाला **श्रीमती हिरा कुमारी भन्ने हित कुमारी भुजेलको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **भतिजो** नाता पर्ने **श्री गंगाराम भुजेल**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती हिरा कुमारी भन्ने हित कुमारी भुजेलको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बर: ०१४५१८५८२
फ्याक्स:- ०१४५१८४५३



सन् १९८० मा मोसेस पेण्डलटनद्वारा स्थापित नृत्य कम्पनी 'मोमिक्स'का नृत्यकारहरू मंगलबार रोम प्रिमियरको क्रममा 'बोटानिका सिजन–२' प्रस्तुत गर्दै । *तस्बिरः एपी*

# निकोबार परियोजनामा तीव्र विवाद

**नयाँदिल्ली–** भारतको रणनीतिकरूपमा महत्त्वपूर्ण ग्रेट निकोबार टापुमा प्रस्तावित बहुअर्ब डलरको मेगापोर्ट तथा सहर विकास योजनाले राजनीतिक, वातावरणीय र मानवअधिकारसम्बन्धी गम्भीर बहस चर्काएको छ । विपक्षी नेता राहुल गान्धीले यस परियोजनालाई 'विकासको नाममा विनाश' भन्दै कडा आलोचना गरेका छन् र यसविरुद्ध अभियान चलाउने संकेत दिएका छन् ।

नयाँदिल्लीबाट करिब तीन हजार किलोमिटर टाढा अवस्थित ग्रेट निकोबार टापु विश्वकै व्यस्त जलमार्ग स्ट्रेट अफ मलक्काको प्रवेशद्वार नजिक पर्छ । यहाँबाट करिब ३० प्रतिशत विश्व समुद्री व्यापार आवतजावत हुने गर्छ । यही भूराजनीतिक महत्त्वलाई ध्यानमा राख्दै भारत सरकारले करिब नौ अर्ब डलर लागतमा कन्टेनर बन्दरगाह, अन्तर्राष्ट्रिय विमानस्थल र नयाँ सहर निर्माणसहितको व्यापक विकास योजना अघि बढाएको हो ।

तर यो योजनाले ९१० वर्गकिलोमिटर क्षेत्रफलको टापुमा फैलिएको प्राचीन वर्षावन तथा त्यहाँ सदियौंदेखि बसोबास गर्दै आएका आदिवासी समुदायको अस्तित्वमाथि नै प्रश्न उठाएको भन्दै विरोध बढेको छ । राहुल गान्धीले टापुको भ्रमणका क्रममा सार्वजनिक भिडियो सन्देशमार्फत आफूले देखेको अवस्थालाई 'देशको प्राकृतिक र आदिवासी सम्पदामाथिको गम्भीर आक्रमण'को संज्ञा दिए ।

उनका अनुसार यो कुनै साधारण विकास परियोजना नभई लाखौं रुख काटिने, करिब १६० वर्गकिलोमिटर वर्षावन नष्ट गरिने र स्थानीय समुदाय विस्थापित हुने प्रक्रिया हो । उनले आदिवासीहरूको भूमि र जीवनशैलीलाई बेवास्ता गरिएको आरोप लगाउँदै यस्तो योजनालाई रोक्न पहल गर्ने स्पष्ट पारे ।

यता प्रधानमन्त्री नरेन्द्र मोदीले भने यस परियोजनालाई राष्ट्रिय हितसँग जोड्दै रणनीतिक, रक्षा र आर्थिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण ठहर गरेका छन् । भारतको वातावरणीय अदालतले पनि गत फेब्रुअरीमा यस योजनालाई स्वीकृति दिएको छ, जसले सरकारलाई परियोजना अघि बढाउन कानुनी आधार दिएको छ ।

सरकारकातर्फबाट वातावरणमन्त्री भूपेन्द्र यादवले परियोजनाले स्थानीय आदिवासी समुदायलाई कुनै खतरा नपार्ने र पर्यावरणीय सन्तुलनलाई असर नगर्ने दाबी गरेका छन् । तर अधिकारकर्मी र अन्तर्राष्ट्रिय संस्थाहरूले यस दाबीमाथि प्रश्न उठाउँदै आएका छन् ।

सर्वाइवल इन्टरनेसनलका अनुसार ग्रेट निकोबार टापुमा करिब नौ हजार मानिस बसोबास गर्छन् । तीमध्ये करिब एक हजार २०० जना निकोबारी र सोम्पेनजस्ता आदिवासी समूहका छन् । विशेषगरी सोम्पेन समुदाय अझै बाह्य सम्पर्कबाट टाढा रहँदै आएको शिकारी जीवनशैलीमा निर्भर समूह हो ।

संस्थाकी प्रतिनिधि सोफी ग्रिगले यस परियोजनाले स्थानीय वातावरणमात्र नभई, सम्पर्कविहीन आदिवासी समुदायको अस्तित्वमै गम्भीर संकट ल्याउने चेतावनी दिए । उनले मेगापोर्ट योजनालाई 'गलत अवधारणामा आधारित' भन्दै यसले सम्पूर्ण समुदाय नै लोप हुने खतरा निम्त्याउन सक्ने उल्लेख गरे ।

एकातिर रणनीतिक र आर्थिक विकासको तर्क प्रस्तुत भइरहेको र अर्कोतिर वातावरण संरक्षण र आदिवासी अधिकारको प्रश्न बलियो रूपमा उठिरहेको यी परस्पर विरोधी दृष्टिकोणबीच ग्रेट निकोबार परियोजना अब केवल पूर्वाधार विकासको मुद्दा नभई दीर्घकालीन प्रभाव र नैतिक उत्तरदायित्वको बहसमा परिणत भएको छ । *रासस/एएफपी*

# दक्षिण कोरिया: युनको सजाय बढ्यो

**सियोल–** दक्षिण कोरियामा पूर्वराष्ट्रपति युन सुक योलविरुद्धको कानुनी कारबाही थप कठोर बन्दै गएको छ । न्याय प्रक्रियामा अवरोध पुऱ्याएको अभियोगमा पहिले दिइएको पाँच वर्षको जेल सजायलाई उच्च अदालतले बढाएर सात वर्ष पुऱ्याएको छ । यसले उनमाथिको कानुनी संकट अझ गहिरिएको संकेत दिएको छ ।

सियोल उच्च अदालतले बुधबार गरेको फैसलामा युनको कार्यलाई 'अत्यधिक निन्दनीय' ठहर गर्दै सजाय बढाएको हो । अदालतका न्यायाधीशका अनुसार युनले पक्राउ वारेन्ट कार्यान्वयनमा अवरोध पुऱ्याउने प्रयासमात्र नगरेर राज्यका सुरक्षाकर्मीहरूलाई निजी प्रयोजनका लागि प्रयोग गर्न खोजेका थिए ।

यसअघि जनवरीमा तल्लो अदालतले राष्ट्रपति सुरक्षा एजेन्सीका सदस्यहरूलाई प्रयोग गरेर आफ्नै गिरफ्तारी रोक्न खोजेको प्रमाणित भएपछि पाँच वर्षको सजाय सुनाएको थियो । त्यस निर्णयविरुद्ध युन र अभियोजनपक्ष दुवैले अपिल गरेका थिए । युनले आफ्नो गिरफ्तारी वारेन्ट नै 'गैरकानुनी अनुसन्धान'मा आधारित रहेको दाबी गरेका थिए भने विशेष अभियोजकहरूले उनको अपराधको गम्भीरता हेर्दा कम्तीमा १० वर्षको सजाय हुनुपर्ने माग गरेका थिए ।

उच्च अदालतले भने दुवै पक्षका तर्क सुनेपछि सजाय बढाएर सात वर्ष कायम गरेको हो । फैसलामा अदालतले सार्वजनिक पदको दुरूपयोग गर्दै राज्य संयन्त्रलाई व्यक्तिगत सुरक्षाका लागि प्रयोग गर्न खोज्नु कानुनी शासनविरुद्धको गम्भीर कार्य भएको उल्लेख गरेको छ । फैसला सुनुवाइका क्रममा कालो सुट र सेतो सर्टमा अदालतमा उपस्थित युनले कुनै विशेष प्रतिक्रिया नदेखाएको जनाइएको छ ।

युन सुक योलले पहिले नै अर्को गम्भीर मुद्दामा सजाय भोगिरहेका छन् । सन् २०२४ को अन्त्यतिर मार्सल ल लागू गर्ने असफल प्रयाससँग जोडिएको विद्रोहको नेतृत्व गरेको अभियोगमा उनलाई आजीवन कारावासको सजाय सुनाइएको छ । यस नयाँ फैसलाले उनमाथिको राजनीतिक र कानुनी भविष्य थप जटिल बनेको देखिएको छ । *रासस/एएफपी*


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सूचना प्रकाशित मितिः २०८३/०१/१७

**श्री रन बहादुर गुरुङको** नाति, **श्री पंच बहादुर गुरुङको** छोरा, **बागमती प्रदेश, धादिङ्ग** जिल्ला **नेत्रावती डबजोङ गा.पा** वडा नं. **३** बस्ने **श्री हर्क बहादुर गुरुङले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०२२४८** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/१०/२८** मा निज खातावाला **श्री हर्क बहादुर गुरुङको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **श्रीमती** नाता पर्ने **श्रीमती तारजोम भन्ने सुकुमाया गुरुङ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्री हर्क बहादुर गुरुङको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बरः ०१४५१८५८२
फ्याक्सः- ०१४५१८४५३


# अमेरिका–बेलायत सम्बन्धमा जोड



**वासिङ्टन–** इरानसँग सम्बन्धित क्षेत्रीय तनाव चर्किरहेका बेला बेलायतका राजा चार्ल्स तृतीय र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच ह्वाइट हाउसमा भएको भेटवार्ताले दुई देशबीचको पुरानो साझेदारीलाई पुनः केन्द्रमा ल्याएको छ । राज्यस्तरीय रात्रिभोजका क्रममा दुवै नेताले 'विशेष सम्बन्ध'को खुलेर प्रशंसा गरे । यद्यपि इरानको आणविक कार्यक्रमबारे ट्रम्पले सार्वजनिकरूपमा राखेको धारणा विवादको विषय बन्यो ।

भव्य स्वागत र औपचारिक कार्यक्रमबीच आयोजित रात्रिभोजमा ट्रम्पले इरानलाई संकेत गर्दै आफूहरूले 'विशेष प्रतिद्वन्द्वीलाई सैन्यरूपमा पराजित गरेको' दाबी गरे । उनले राजा चार्ल्स तृतीय पनि आफ्नो विचारसँग सहमत रहेको बताउँदै उक्त देशलाई कहिल्यै आणविक हतियार विकास गर्न नदिने अडान दोहोऱ्याए । तर यस विषयमा राजा चार्ल्स तृतीयले प्रत्यक्ष समर्थन जनाएको कुनै संकेत देखिएन र उनले आफ्नो सम्बोधनमा इरान वा युद्ध तनावको सीधा उल्लेख गरेनन् ।

यसको सट्टा राजा चार्ल्स तृतीयले लण्डन र वासिङ्टनबीचको ऐतिहासिक सहकार्यलाई अझ मजबुत बनाउने आवश्यकता औंल्याउँदै बदलिँदो विश्वपरिवेशमा साझा चुनौतीहरू सामना गर्न मिलेर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे । उनले अन्तर्राष्ट्रिय गठबन्धनहरूको महत्त्व, विशेषगरी नाटोजस्ता संरचनाहरूको भूमिका, स्पष्टरूपमा उल्लेख गरे, जसप्रति ट्रम्पले विगतमा आलोचनात्मक धारणा राख्दै आएका थिए । साथै, युक्रेनमाथि रुसको आक्रमणविरुद्ध निरन्तर समर्थन आवश्यक रहेकोमा उनले जोड दिए ।

कार्यक्रममा एप्पलका प्रमुख टिम कुक, अमेजनका जेफ बेजोस, एनभिडियाका जेन्सेन हुआङ तथा गल्फ खेलाडी रोरी म्याक्लरोय जस्ता प्रविधि र व्यवसाय क्षेत्रका चर्चित व्यक्तित्वहरूको उपस्थिति थियो । भोजको मेनुमा बगैंचाको तरकारी भेलुटे, स्प्रिङ हर्बेड राबियोली, डोभर सोल म्युनियर र अन्त्यमा मह तथा भ्यानिला बिन क्रेमेक्स समावेश गरिएको थियो ।


सम्बोधनका क्रममा दुवै नेताले हल्का मजाक पनि गरे । ट्रम्पले राजा चार्ल्स तृतीयको अमेरिकी कंग्रेसमा दिएको भाषणको प्रशंसा गर्दै डेमोक्रेट सांसदहरूलाई समेत उठ्न बाध्य बनाएको उल्लेख गरे । जवाफमा राजा चार्ल्स तृतीयले ऐतिहासिक सन्दर्भ जोड्दै बेलायत र फ्रान्सबीचको प्रतिस्पर्धाको प्रसंग उठाएर रमाइलो टिप्पणी गरे ।

यसअघि कंग्रेसलाई सम्बोधन गर्दै राजा चार्ल्स तृतीयले लोकतान्त्रिक मूल्य, कानुनी शासन र शक्ति सन्तुलनको सिद्धान्तप्रति प्रतिबद्धता दोहोऱ्याएका थिए । उनले म्याग्ना कार्टाको सन्दर्भ उल्लेख गर्दै यसले अमेरिकी न्याय प्रणालीमासमेत प्रभाव पारेको बताए । उक्त अभिव्यक्तिले विशेषगरी विपक्षी डेमोक्रेट सांसदहरूबाट सकारात्मक प्रतिक्रिया पाएको थियो ।

राष्ट्रपति ट्रम्पले स्वागत समारोहमा बेलायतलाई अमेरिकाको सबैभन्दा नजिकको सहयोगीको रूपमा चित्रण गरे । उनले अमेरिकी स्वतन्त्रतापछि पनि दुई देशबीचको सम्बन्ध निरन्तर सुदृढ रहेको उल्लेख गरे । यद्यपि, इरानलगायत केही नीतिगत विषयमा ट्रम्पले बेलायती प्रधानमन्त्री कीर स्टार्मरको आलोचना गर्दै आएका छन्, जसले सम्बन्धमा केही असहजता देखाएको छ ।

यस भ्रमणलाई सुरक्षा दृष्टिले पनि संवेदनशील मानिएको छ । वासिङ्टनमा हालै ट्रम्पमाथि कथित आक्रमण प्रयासको घटना सार्वजनिक भएपछि सुरक्षालाई कडा बनाइएको छ । हिंसात्मक गतिविधिप्रति असहमति जनाउँदै राजा चार्ल्स तृतीयले यस्ता कार्यहरू सफल नहुने स्पष्ट पारे । चारदिने भ्रमणअन्तर्गत शाही दम्पतीले बुधबार न्युयोर्कको भ्रमण गरेको छ । त्यहाँ उनीहरूले ९/११ स्मारकस्थलको अवलोकन गरे । *रासस/एएफपी*

# मेटामाथि इयूको बालसुरक्षा आरोप



**लण्डन–** युरोपेली संघ (इयू)ले सामाजिक सञ्जालमार्फत बालबालिकाको सुरक्षामा गम्भीर कमजोरी देखिएको भन्दै प्रविधि कम्पनी मेटामाथि औपचारिकरूपमा दबाब बढाएको छ । नियामकहरूले फेसबुक र इन्स्टाग्रामजस्ता प्लेटफर्ममा कम उमेरका प्रयोगकर्तालाई रोक्न असफल भएको निष्कर्ष सार्वजनिक गर्दै कडा कारबाहीको चेतावनी दिएका छन् ।

इयूको कार्यकारी निकाय युरोपेली आयोगले बुधबार सार्वजनिक गरेको प्रारम्भिक मूल्यांकनमा मेटाले १३ वर्षभन्दा कम उमेरका बालबालिकालाई प्लेटफर्ममा साइन अप गर्नबाट रोक्न प्रभावकारी प्रणाली विकास गर्न नसकेको जनाएको छ । आयोगका अनुसार खाता खोलिसकेपछि पनि यस्ता प्रयोगकर्तालाई पहिचान गरी हटाउने काम पर्याप्त रूपमा भइरहेको छैन ।

मेटाले आफ्नै नियमअनुसार फेसबुक र इन्स्टाग्राम प्रयोग गर्न न्यूनतम उमेर १३ वर्ष तोकेको भए पनि व्यवहारमा त्यसको कार्यान्वयन कमजोर देखिएको आयोगको ठहर छ । यसले बालबालिकालाई प्लेटफर्ममा प्रवेशमात्र होइन, उनीहरूलाई उमेरअनुसार अनुपयुक्त सामग्री र अनुभवको जोखिममा पनि राखिरहेको उल्लेख गरिएको छ ।

यो मुद्दा केवल पहुँचमा सीमित नभएको आयोगले जनाएको छ । १३ वर्षमुनिका बालबालिकाले प्लेटफर्म प्रयोग गर्दा उनीहरू कस्तो सामग्रीसँग सम्पर्कमा आउँछन् भन्ने जोखिमको मूल्यांकनसमेत मेटाले पर्याप्तरूपमा नगरेको निष्कर्ष निकालिएको छ । युरोपेली आयोगले यो कारबाही डिजिटल सेवा ऐन (डिएसए) अन्तर्गत अघि बढाएको हो । उक्त ऐनले २७ सदस्य राष्ट्रहरूमा सञ्चालन गर्ने ठूला प्रविधि कम्पनीहरूलाई प्रयोगकर्ताको सुरक्षा, विशेषगरी नाबालिगहरूको सुरक्षामा थप जिम्मेवार बनाउने व्यवस्था गरेको छ ।

आयोगका कार्यकारी उपाध्यक्ष हेना विर्ककुनेनले सन् २०२४ देखि सुरु गरिएको अनुसन्धानले मेटाका प्लेटफर्महरूले आफ्नै नियम र सर्तमा १३ वर्षमुनिका प्रयोगकर्तालाई लक्षित नगर्ने उल्लेख गरे पनि व्यवहारमा त्यसलाई लागू गर्न 'अत्यन्त सीमित प्रयास' मात्र गरिएको देखाएको बताए । उनका अनुसार नियमहरू केवल कागजमा सीमित नहुने, प्रयोगकर्ताको सुरक्षाका लागि ठोस कार्यमा रूपान्तरण हुनुपर्ने स्पष्ट सन्देश दिनुपर्ने समय आएको छ ।

अब मेटालाई आयोगको प्रारम्भिक निष्कर्षमा आफ्नो प्रतिक्रिया दिने अवसर दिइने छ । अन्तिम निर्णयपछि यदि उल्लंघन प्रमाणित भएमा कम्पनीलाई विश्वव्यापी वार्षिक आम्दानीको छ प्रतिशतसम्म जरिवाना लगाइने सम्भावना रहेको छ । यस विषयमा मेटाले भने तत्काल कुनै प्रतिक्रिया दिएको छैन । इयूको यो कदमले विश्वभर सामाजिक सञ्जाल कम्पनीहरूमाथि बालसुरक्षासम्बन्धी जिम्मेवारी कडा पार्ने संकेतका रूपमा हेरिएको छ । *रासस/एपी*


**Local Government**

**Indrawati Rural Municipality**

**Office of Rural Municipal Executive**

**Nawalpur, Sindhupalchok**

**Bagmati Province, Nepal**

## Intention to Award

**Date:- 2083/01/17**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intended to award the contract.

| S.N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price NRS. (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/SQ/082/083-11 | Construction works of Temple at Children Park-Indrawati-7 | M/S Bikash & Bashistha Builders and Suppliers,Melamchi-13,Sindhupalchok | 8,31,002.00 |
| 2 | IRMSI/GOODS/SQ/082/083-12 | Supplying of Sanitary Pads. IRM,Sindhupalchok | M/S Angel Touch Hygiene Manufacturing Pvt.Ltd., Bhaisepati Lalitpur | 7,95,198.52 |

**Chief Administrative Officer**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४५०० | प्रति तोला – ० | प्रति तोला – ४९१५ |

## उच्च क्षमताका प्रसारणलाइन निर्माण उच्च प्राथमिकतामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले उत्पादित बिजुलीलाई प्रमुख लोड सेन्टरहरूसम्म पुऱ्याउन, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरणका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने समयसीमा सार्वजनिक गरेको छ।

प्रसारण लाइन निर्माणमा देखिएको बेथिती अन्त्य गर्ने, तोकिएको समय अगावै निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ प्रक्रिया अगाडि बढाउने भएको हो। प्रसारण लाइन निर्माणमा देखिएको रुख कटानको समस्या समाधान गर्ने, मुआब्जा वितरणमा देखिएको जटिलता फुकाउने तथा लगानीको विविधकरण गर्ने कार्यक्रम निर्धारण गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको 'विद्युत् खपत वृद्धि तथा ऊर्जा निर्यात रणनीति, २०८२' प्रसारण लाइन निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरेको छ। रणनीतिअनुसार, हेटौडा-ढल्केबर इनरुवा प्रसारण लाइनको हेटौडा ढल्केबर खण्ड चालु आवको अन्त्यसम्म निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरिएको छ। सो प्रसारण लाइनको पूर्वी खण्ड ढल्केबर-इनरुवा खण्ड भने यसअघि नै सम्पन्न भइसकेको छ।

सो आयोजनालाई शीघ्र निर्माण सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरणलाई जिम्मेवार बनाइएको छ। रुख कटान, वन क्षेत्रको जग्गा प्रयोग, मुआब्जालगायतका समस्याका कारण सो आयोजना लामो समयदेखि समस्यामा परेको थियो। पछिल्ला दिनमा सो समस्या समाधान भएको छ। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको पहलमा नियमित काम सुरु भइसकेको छ।

यसैगरी नयाँ खिम्ती बाह्रबिसे काठमाडौं प्रसारण लाइनको काम आव २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। उक्त प्रसारण लाइनको क्षमता चार सय केभीको हो। सो प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि स्थानीय तह र वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवार बनाइएको छ।

हेटौंडा-रातमाटे लप्सीफेदी न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन आव २०८६/८७ सम्म निर्माण सम्पन्न हुनेछ। सो प्रसारण लाइन चार सय केभी क्षमताको हो। यसैगरी नयाँ बुटवल-लमही प्रसारण लाइन आव २०७८/८८ सम्म निर्माण सम्पन्न हुनेछ।

यस्तै, लहमी-छिन्चु दोदोधारा प्रसारण लाइन आव २०८९/९० सम्म निर्माण सम्पन्न हुनेछ। किमाथांका- हाइटार सितलपाटी प्रसारण लाइन आव २०८९/९० सम्म सम्पन्न हुनेछ।

अरुण हब इनरुवा प्रसारण लाइन, इनरुवा-अनारमणी प्रसारण लाइन, फुकोट बेतन दोदोधारा प्रसारण लाइन, तिंगला दुधकोशी-ढल्केबर प्रसारण लाइन आव २० ९०/९१ सम्म सम्पन्न गर्ने लक्ष्य रणनीतिमा समावेश गरिएको छ।

भेरी करिडोर प्रसारण लाइन र सेती करिडोर प्रसारण लाइन पनि आव २०९०/९१ मा सम्पन्न हुनेछ। दोदोधारा-अत्तरिया लम्की प्रसारण लाइन भने आव २०९१/९२ सम्म सम्पन्न हुनेछ। ती सबै प्रसारण लाइनको क्षमता चार सय केभीको छ।

उत्पादित बिजुलीलाई सहज रूपमा प्रसारण गराएर लाड सेन्टरहरूमा पुऱ्याउने लक्ष्यका साथ सरकारले प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेको छ। आवश्यक संरचनागत सुधार गरिने, नीतिगत अस्पष्टता हटाउने तथा तोकिएको समयमा नै आयोजना सम्पन्न गर्ने लक्ष्यलाई रणनीतिले विशेष प्राथमिकतामा राखेको छ। यस्तै, अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई पनि उत्तिकै महत्वका साथ रणनीतिले समेटेको छ। अन्तरदेशीय प्रसारण लाइनको क्षमता अभिवृद्धि पनि अर्को महत्वपूर्ण पक्ष छ।

ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइन आव २०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन, नानपारा नेपालगञ्ज, इनरुवा पूर्णिया, लम्की बेरली, लमही लखनउ, निजगण मोतिहारी, चमेलिया जौलजिवी, ढल्केबर मुजफ्फरपुर र चिलिमे हब केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण प्राथमिकतामा छ।

आन्तरिक रूपमा बिजुलीको खपत बढाउने, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरण गर्ने लक्ष्यलाई रणनीतिले स्पष्ट रूपमा सूचीकृत गरेको छ। त्यस्तै, स्मार्ट ग्रिड र सवस्टेशनको आधुनिकीकरण निरन्तर रूपमा अगाडि बढाइनेछ। सवस्टेशनको क्षमता विस्तार गरेर ४० हजार एमभीए पुऱ्याइनेछ। सो कार्य आव २०९२/९३ सम्म सम्पन्न हुनेछ।

कृषि क्षेत्रको आधसनिकीकरण र किसानको खेतसम्म नै फिडर पुऱ्याउने लक्ष्यलाई पनि उत्तिकै महत्व दिएको रणनीतिमा भूमिगत वितरण प्रणालीको काम २०८५ सम्म सम्पन्न गर्ने उल्लेख गरिएको छ। आव २० ९२/९३ सम्म एलपी ग्यास अनुदान खारेजी गर्ने र विद्युतीय चुल्होमा अनुदान दिइनेछ। देशभर चार्जिङ स्टेशन सञ्जाल विस्तार गर्ने, प्रमुख शहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गरिनेछ।

हाल नेपालको कूल जडित क्षमता चार हजार ८६ मेगावाट पुगेको छ। राष्ट्रिय प्रसारण ग्रिडको विस्तारसँगै ९८ प्रतिशत जनसंख्यामा विद्युत्को पहुँच पुगेको छ। सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता अनुरूप खनिज इन्धनको परनिर्भरता घटाई स्वदेशी बिजुलीको खपत बढाउन अबलम्बन गर्नुपर्ने सबै काम अगाडि बढाउने रणनीतिको लक्ष्य छ।

नेपालले भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरिसकेको छ। हाल करिब एक हजार दुई सय मेगावाट बिजुली भारत र बंगलादेशतर्फ आयात निर्यात भइरहेको अवस्था छ।

### बालकुमारीमा दुई अर्ब लागतमा 'सबस्टेसन'

**काठमाडौं (प्रस)–** ललितपुरको बालकुमारीमा जीआइएस सबस्टेशन निर्माणका लागि जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया पूरा भएको छ।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)को स्वामित्वमा रहेको चार रोपनी जग्गा उपयोग गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृत दिएसँगै प्रक्रिया पूरा भएको हो।

लामो समयदेखि अवरुद्ध रहेको उक्त सबस्टेशन निर्माणका गर्न ऊर्जा, जलस्रोत तथा मन्त्रालयले पहल गरेको थियो। काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई सुदृढ, भरपर्दो र दिगो बनाउनका निम्ति सो क्षेत्रमा उच्च क्षमताको जीआइएस सबस्टेशन निर्माण प्रक्रिया अगाडि बढाइएको थियो। तर, जग्गा प्राप्त नहुँदा चार वर्षभन्दा बढी समयदेखि परियोजना रोकिएको थियो।

उक्त सबस्टेशन एसियाली विकास बैंक (एडिबी)को ऋण लगानीमा दुई अर्ब रूपैयाँको लागतमा निर्माण हुनेछ। भक्तपुरको ठिमीबाट आउने भूमिगत विद्युत् प्रसारण लाइन बालकुमारीस्थित जीआइएस सबस्टेशनमा जोडिनेछ। तत्पश्चात् टेकु सबस्टेशनमा जोड्ने प्राधिकरणको तयारी छ।

उक्त सबस्टेशनको निर्माण सम्पन्न भएपछि आगामी पाँच वर्षसम्मको विद्युत् माग पूरा गर्न सहज हुनेछ। केयुकेएलले बालकुमारीमा स्थापना गर्ने ढल प्रशोधन केन्द्रलाई आवश्यक पर्ने विद्युत् प्राधिकरणले निःशुल्क दिने र त्यसबापत प्राधिकरणले २५ वर्षसम्मका लागि तीन रोपनी १३ आना दुई पैसा जग्गा उपभोग गर्ने सहमति भएको छ। जग्गा प्राप्तिको प्रक्रिया पूरा भएसँगै सबस्टेशन निर्माणका लागि बोलपत्र आह्वान गरिनेछ।

## चक्रपथ विस्तार गर्न चीनले ११ अर्ब अनुदान दिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** चक्रपथ विस्तार (दोस्रो चरण) कार्यान्वयन गर्न चीन सरकारले रु ११ अर्ब अनुदान प्रदान गर्ने भएको छ।

भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकास मन्त्रालयका अनुसार सहयोगसम्बन्धी सम्झौतामा भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री सुनील लम्साल र नेपालका लागि चीनका राजदूत चाङ माओमिङले उक्त मन्त्रालयमा आज हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार अब कलंकीदेखि वसुन्धरासम्म चक्रपथ विस्तार गरिने छ। पहिलो चरणमा कोटेश्वरदेखि कलङ्कीसम्म विस्तार भएको हो।

त्यसअवसरमा मन्त्री लम्सालले परियोजना कार्यान्वयनमा कुनै किसिमका समस्या हुन नदिने बताउँदै त्यसो भएमा तिनको समाधानका निम्ति तत्काल सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गरे। उनले उत्तर-दक्षिण जोड्ने सडक निर्माण सरकारको प्राथमिकतामा रहेको बताउँदै मुलुकको पूर्वाधार विकासमा चीन सरकारबाट अझ लगानी अभिवृद्धि हुने विश्वास व्यक्त गरे।

राजदूत चाङले लगानीको उपयुक्त वातावरण बनेमा धेरैभन्दा धेरै चिनियाँ लगानीकर्ता यहाँ आउन इच्छुक रहेको बताए।

'माथिल्लो म्याग्दी' जलविद्युत् आयोजना

## १३ महिनामा ५० प्रतिशत भौतिक प्रगति

**म्याग्दी –** म्याग्दीको धवलागिरि गाउँपालिकामा निर्माणाधीन 'माथिल्लो म्याग्दी' जलविद्युत् आयोजना निर्माण सुरु भएको १३ महिनाको अवधीमा ५० प्रतिशत भौतिक प्रगति भएको छ।

हाइड्रो इम्पायर लिमिटेड प्रवर्द्धक रहेको ४६ दशमलव २५ मेगावाट क्षमताको आयोजनाले २०८३ चैत महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने लक्ष्यसहित बाँध, सुरुङ, विद्युत्गृह, प्रसारण लाइन, 'हाइड्रो' र 'इलेक्ट्रोमेकानिकल' तर्फका निर्माणलाई समानान्तरण रूपमा तीव्रता दिएको हो। विसं २०८१ चैत महिनादेखि निर्माण थालिएको आयोजनाको ५० प्रतिशत भौतिक प्रगति भएको आयोजना प्रमुख रमेश सुवेदीले जानकारी दिए।

'सुरुङसहितका भूमिगत संरचनालाई अबको आठ महिनाभित्र सकेर फिनिसिङमा लैजाने कार्ययोजनाअनुसार काम अघि बढाएका छौँ', उनले भने, 'सिभिल ठेकेदारले सुरुङ, बाँध र विद्युत्गृहको काम तीव्रताका लागि गरिरहेको छ भने प्रसारण लाइन र पेनस्टेक पाइपलाइनको काम पनि चाँडै सुरु हुँदैछ।' छ हजार ४२५ मिटर मुख्य सुरुङसहित सम्पूर्ण भूमिगत संरचनामध्ये मंगलबारसम्म चार हजार २२० मिटर सम्पन्न भएको आयोजना प्रमुख सुवेदीले बताउनुभयो। धवलागिरि गाउँपालिका-४ सिङकोश दोभानमा बाँध र घिम्लेटी (खारपानी)मा विद्युत्गृह निर्माणाधीन छ।

**बाँध, 'इन्टेक' र विद्युत्गृह बाहेकका 'ग्रोवल ट्र्याप', डिसेण्डर (बालुवा थिग्रयाउने पोखरी), मुख्य सुरुङ र सर्ज टनेललगायत सबै संरचना भूमिगत रहने भएका छन्।**

बाँधस्थल, चेचुङको अडिट र घिम्लेटीको आउटलेटबाट सुरुङ निर्माण भइरहेको छ। घिम्लेटीमा आयोजनाको प्रशासनिक भवन निर्माण भएको छ। आउटलेटबाट विद्युतगृहसम्म आठ सय ४३ मिटर लामो 'पेनस्टक' पाइपलाइन रहनेछ। यो आयोजना 'रन अफ द रिभर' (नदी प्रभाहमा आधारित) हो।

बाँध, 'इन्टेक' र विद्युत्गृह बाहेकका 'ग्रोवल ट्र्याप', डिसेण्डर (बालुवा थिग्रयाउने पोखरी), मुख्य सुरुङ र सर्ज टनेललगायत सबै संरचना भूमिगत रहने भएका छन्। आयोजनाको सिभिल ठेकेदार आरएससी आरजे जेभी र माछापुच्छ्रे इन्जिनियरिङ प्राली रहेका छन्।

साथै इलेक्ट्रोमेकानिकल कार्यका लागि ठेकेदार कम्पनी ट्रोयर इटली रहेको छ। हाइड्रोमेकानिकल कार्यका लागि माछापुच्छ्रे मेटल एण्ड मेसिनरी वर्कसप प्राली परिचालित भएको छ।

यसअघि ३७ मेगावाट रहेको आयोजनाको क्षमता बढाएर ४६ दशमलव २५ बनाउने प्रक्रिया अन्तिम चरणमा पुगेको हाइड्रो इम्पाएरका अध्यक्ष काजी लामाले बताए। थप जग्गा अधिग्रहण र वन क्षेत्र उपभोग गर्न नपर्ने हिसाबले तीन सय १४ मिटर अग्लो रहेको हेडलाई बढाएर तीन सय १७ मिटर र खोलाबाट सुरुङमा हालीने पानीको मात्रा १४ दशमलव ४१ घनमिटर प्रतिसेकेण्डबाट बढाएर १७ दशमलव २४ घनमिटर प्रतिसेकेण्ड बनाई क्षमता बढाइएको हो।

सुक्खायाममा पनि म्याग्दी नदीमा पानीको मात्रा पर्याप्त हुने भएकाले यस आयोजनाले लगानीकर्तालाई छिटो प्रतिफल दिने अध्यक्ष लामाले बताउनुभयो। रु आठ अर्ब ४६ करोड ५४ लाख दुई हजार अनुमानित लागत रहेको आयोजनामा सिद्धार्थ बैंकको अगुवाइमा नेपाल एसबिआइ बैंक, सिटिजन्स बैंक इन्टरनेशनल, एभरेष्ट बैंक र नविल बैंकले लगानी गरेका हाइड्रो इम्पायरका प्रबन्ध निर्देशक जितबहादुर घर्तीले बताए। ७० प्रतिशत बैंक र ३० प्रतिशत स्वपुँजीको अनुपात रहेको छ।

प्रभावित क्षेत्रका बासिन्दाका लागि कुल लागतको १० प्रतिशत सेयरको व्यवस्था गरिएको घर्तीले बताए। यस आयोजनाबाट उत्पादन हुने विद्युत् नेपाल विद्युत् प्राधिकरणको डाँडाखेत सबस्टेशनमार्फत केन्द्रीय ग्रिडमा जोडिनेछ। दश किलोमिटर लामो १३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइन निर्माणको तयारीमा छ।

शिवरात्रिखोलादेखि बाँध निर्माणस्थलसम्म करिब १८ किलोमिटर पहुँचमार्ग निर्माण भएको छ। आयोजनाले धवलागिरि गाउँपालिकाको सिफारिसमा खिवाङ र चेचुङ गाउँमा सडक पुऱ्याउन सहयोग गरेको छ। *रासस*

## गरिमा विकास बैंक, ओम हस्पिटल र कान्तिपुर डेन्टल हस्पिटलबीच सम्झौता

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**काठमाडौं (प्रस) –** गरिमा विकास बैंक लिमिटेडका ग्राहकहरूलाई ओम हस्पिटल एण्ड रिसर्च सेन्टर र कान्तिपुर डेन्टल हस्पिटल (केडिसी) एण्ड रिसर्च सेन्टरको विभिन्न उपचार सेवामा आकर्षक छुट प्रदान गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ। सम्झौता पश्चात गरिमा विकास बैंक लिमिटेडका ग्राहकहरूले ओम हस्पिटल एण्ड रिसर्च सेन्टरको उपचार सेवा अन्तर्गत सिटि स्क्यान, एक्सरे लगायत अन्य स्वास्थ्य सेवामा १० प्रतिशतसम्म छुट प्राप्त गर्नेछन्।

त्यसैगरी, कान्तिपुर डेन्टल हस्पिटल (केडिसी)को बेड शुल्कमा १५ प्रतिशत तथा अन्य स्वास्थ्य सेवामा १० प्रतिशतसम्म छुट प्राप्त गर्नसकिनेछ। कान्तिपुर डेन्टल हस्पिटल (केडिसी)ले प्रदान गर्ने उक्त छुट काठमाडौंको बसुन्धारा सहित सुन्दरबस्ती र सतुंगल, पोखरा (कास्की), नारायणगढ र भरतपुर (चितवन) र बुटवल (रूपन्देही) स्थित शाखाहरूबाट पनि प्राप्त गर्न सकिनेछ।

गरिमा विकास बैंक लिमिटेडका ग्राहकहरूले विकास बैंकको मोबाईल बैकिङ् र डेविट/क्रेडिट कार्डबाट बिल भुक्तानी गर्दा उल्लेखित दुबै हस्पिटलहरूबाट सहजै छुट प्राप्त गर्नसक्नेछन्। हाल, गरिमा विकास बैंक लिमिटेडले देशभर १२६ शाखा कार्यालय, ५१ एटिएम एवं नविनतम डिजिटल बैंकिङ् मार्फत करिब ९ लाख ग्राहकहरूलाई सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रदान गर्दै आईरहेको छ।

जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरूद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिंग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ